# सरावल गाउँपालिका

# बालबालिकाको वस्तुस्थिति विवरण
# CHILDREN PROFILE-2081









प्रकाशक :

सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

**प्रकाशकः**

सरावल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सरावल ३, नवलपरासी (ब.सु.प.)

**सम्पादन  सल्लाहकार**

श्री सुखाडी प्रसाद चौधरी, अध्यक्ष, सरावल गाउँपालिका
श्री बासमती चमार, उपाध्यक्ष, सरावल गाउँपालिका
श्री विशाल मिश्रा, प्रमुख प्रशासकीय अधिकृत
श्री सरेश प्रसाद यादव, प्रवक्ता तथा वडा अध्यक्ष, वडा नं. ४,
श्री विष्णु प्रसाद भट्टराई, वडा अध्यक्ष, वडा नं. १
श्री फिरङ्गि प्रसाद चौधरी, वडा अध्यक्ष, वडा नं. ३
श्री लक्ष्मण प्रसाद चौधरी, वडा अध्यक्ष वडा न.. ५
श्री छोटेलाल गुप्ता, वडा अध्यक्ष, वडा नं. ६
श्री हेयात खाँ धुनिया, वडा अध्यक्ष, वडा नं. ७
श्री तुफानीलाल गुप्ता, का.वा.वडा अध्यक्ष, वडा नं. २

**लेखन तथा सम्पादन**

शर्मिला पौडेल, बालमैत्री स्थानीय शासन परामर्शदाता
प्रवेश न्यौपाने, तथ्यांक बिश्लेषक

**लेखन सहयोग**

भोलेनाथ कोइरी , बालमैत्री सहजकर्ता, सरावल गाउँपालिका

तयारी मितिः २०८१ चैत्र (प्रथम संस्करण)
प्रकाशन मिति : २०८२ जेठ ४

# हाम्रो भनाई

बालमैत्री स्थानीय शासन भन्नाले गैरविभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गीण विकास र अर्थपूर्ण सहभागिताको सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बालसहभागिता जस्ता बालअधिकारका सवाललाई स्थानीय तहको नीति, योजना, संरचना र कार्यप्रक्रियामा संस्थागत गर्ने शासकीय पद्धतिलाई सम्झनुपर्दछ । बालमैत्री स्थानीय शासनले बालबालिकाको अधिकार सुनिश्चित गर्न, बालबालिकाको क्षेत्रमा लगानी गर्न र भविश्यमा सक्षम नागरिक तयार गर्नका लागि मार्गदर्शन गर्ने कार्य गर्दछ । यसले स्थानीय तहलाई बालवालिकाको हितमा योजना तर्जुमा, स्रोतको विनियोजन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन जस्ता कार्य गर्न सघाउँदछ ।

सरावल गाउँपालिका बालमैत्री स्थानीय शासन उन्मुख स्थानीय तह हो । बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ र बालमैत्री स्थनीय तह घोषणा कार्यविधि २०७९ ले निर्दिष्ट गरेका सूचक र मापदण्ड पुरा गरी वि.सं. २०८२ सम्म समग्र सरावल गाउँपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त घोषणा गर्ने लक्ष्य रहेको छ । बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ मा उल्लेखित ५ वटा चरण र ५१ सूचकहरु पूरा गर्ने क्षेत्रलाई बालमैत्री क्षेत्र घोषणा गर्न सकिने र नियमित रुपमा बालबालिकाको अवस्था सम्बन्धी सूचकगत प्रतिवेदन गर्नुपर्ने व्यवस्था अनुरुप बालमैत्री स्थानीय शासनको अवधारणा र विद्यमान अवस्था सम्बन्धी कार्यान्वयन निर्देशिकाको सूचकमा आधारित भई स्थानीय तहमा "**बालबालिकाको अवस्था सम्बन्धी वस्तुस्थिति विवरण (प्रोफाइल) तयार गर्ने र प्रकाशन**" गर्नुपर्ने भएकाले यस गाउँपालिकाको यथासंम्भव विवरण संकलन गरी यो **बालबालिकाको वस्तुस्थिति विवरण** (**Children Profile**) तयार गरिएको छ ।

बालबालिकाको वस्तुस्थिति विवरणमा विशेष गरी ९ ओटा परिच्छेदहरुमा जनसंख्या र भौगोलिक अवस्था सहित गाउँपालिकाको चिनारी, बालमैत्री स्थानीय शासनको अवधारणा र कार्यक्षेत्र, गाउँपालिका र वडागत जनसंख्या, बाल तथा मातृ स्वास्थ्यमा बाल बचाउ अन्तर्गतका सूचकहरुको अवस्था, शैक्षिक अवस्था अन्त्तगत बाल विकासका सूचकहरुको अवस्था , बाल संरक्षण, बाल सहभागिता तथा संस्थागत विकास, आर्थिक विकास, प्रकोप तथा शान्ती सुरक्षा लगायतका विषयलाई समेटी बालमैत्री स्थानीय शासन घोषणाको लागि आवश्यक सूचकमा नगरपालिकाको अवस्थाको चित्रण गरिएको छ ।

बालमैत्री स्थानीय शासनका प्रतिफलहरु मध्ये वस्तुस्थिति विवरण तयार र अद्यावधिक गर्ने कार्य अनिवार्य रहेको र यसवाट गाउँपालिका सहित समग्र वडाहरुमा बालबालिकाहरु के कस्तो अवस्थामा रहेका छन् भन्ने कुरा थाहा पाउन सकिने हुदा यसको महत्व रहेको छ । बालबालिकाको वस्तुस्थिति विवरणले बालबालिकाको यथार्थ चित्रण गर्ने हुँदा यसले बालबालिकाको लगानी योजना तर्जूमा प्रक्रियामा पनि सघाउँछ र बालअधिकारका सम्वन्धमा भए गरेका कार्यहरुको विवरण पनि सार्वजनिक हुनेछ । प्रत्येक घरधुरी सर्वेक्षण, विद्यालय सर्वेक्षण, शिक्षा शाखा, स्वास्थ्य शाखा, सामाजिक विकास शाखा, वडा कार्यालय र स्वास्थ्य संस्थाहरुसंग समन्वय गरी तयार गरिएको यस वस्तुस्थिति विवरणले आगामी दिनमा बालमैत्री स्थानीय शासन घोषणा तथा दिगोपनाको लागि मार्गदर्शन गर्ने कुरामा हामी विश्वस्त छौं ।

**लेखन तथा सम्पादन मण्डल**

# सरावल गाउँपालिकाको वडागत नक्शा




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५०००/१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# विषय सूची


| क्र.स. | | शीर्षक | पेज नं. |
|---|---|---|---|
| परिच्छेद १ | | **गाउँपालिकाको परिचय** | १-७ |
| १.१ | | भौगोलिक अवस्थिति | |
| १.२ | | हावापानी र भू.उपयोग | |
| १.३ | | ऐतिहाँसिक पृष्ठभूमि तथा विशेषता | |
| १.४ | | आर्थिक अवस्था | |
| १.५ | | विकासका सम्भावना, अवसर, चूनौती र समस्याहरु | |
| १.६ | | प्रमुख व्यवसाय तथा रोजगारीको अवस्था | |
| १.७ | | वडागत परिचय | |
| परिच्छेद २ | | **बालमैत्री स्थानीय शासनको अवधारणा र कार्यक्षेत्र** | ८-३१ |
| २.१ | | बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासनको आवश्यकता | |
| २.२ | | विद्यमान ऐन नियममा बालबालिका सम्बन्धी भएका व्यवस्था | |
| २.३ | | नगरपालिकास्तरीय योजनामा बालाबलिका सम्बन्धी भएको व्यवस्था | |
| २.४ | | बाल समूह वा बालक्लबहरु | |
| २.५ | | बालमैत्री स्थानीय तहको अवधारणा | |
| २.६ | | बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र (गा.पा.को सूचकको अवस्था) | |
| २.७ | | बालअधिकार (बालबचाउ, बाल संरक्षण, बालविकास र बालसहभागिता) | |
| २.८ | | बालमैत्री स्थानीय शासनका साझेदार तथा सहयोगी संस्थाहरु | |
| २.९ | | बालमैत्री सुशासनयुक्त गाउँपालिकाको लागि अवसर र सम्भावनाहरु | |
| परिच्छेद ३ | | **जनसंख्या** | ३१-३७ |
| ३.१ | | उमेर समूह तथा जातीगत आधारमा जनसंख्या | |
| ३.२ | | मातृभाषाका आधारमा जनसंख्या | |
| ३.३ | | जनसंख्या वृद्धिदर | |
| ३.४ | | जन्मदर्ता सम्बन्धी विवरण | |
| ३.५ | | वालविवाहको अवस्था | |
| ३.६ | | परिवार संख्या र प्रतिपरिवार औसत संख्या | |
| ३.७ | | अपाङ्गता भएका बालबालिकाको विवरण | |
| परिच्छेद४ | | **बाल तथा मातृ स्वास्थ्य** | ३८-४९ |
| ४.१ | | स्वास्थ्य संस्था सम्बन्धी विवरण | |
| ४.२ | | सुरक्षित मातृत्व कार्यक्रम | |
| ४.३ | | खोप लगाउने बालबालिका सम्बन्धी विवरण (स्वास्थ्य संस्था र घरपरिवारबाट प्राप्त तथ्यांक) | |
| ४.४ | | बालबालिकामा पोषणको स्थिति (स्तनपान, कुपोषण, पोषणयुक्त आहार) | |
| ४.५ | | बालबालिकामा देखा पर्ने मुख्य रोगहरु र तीनको उपचार व्यवस्था | |

| | | | |
|---|---|---|---|
| ४.६ | | प्रसुती पूर्व चार पटक स्वास्थ्य परीक्षण , आइरन चक्की, टिटी खोप लगाउने गर्भवती महिलाहरुको विवरण | |
| ४.७ | | दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरुको विवरण | |
| ४.८ | | सुत्केरी पश्चात आमा र नवजात शिशुको स्वास्थ्य जाँच सम्बन्धी विवरण | |
| ४.९ | | नियमित रुपमा तौल लिईएका बालबालिका सम्बन्धी विवरण | |
| ४.१० | | भिटामिन ए तथा जुकाको औषधि खाएका बालबालिका सम्बन्धी विवरण (स्वास्थ्य संस्था र घरपरिवारबाट प्राप्त तथ्यांक) | |
| ४.११ | | आयोडिनयुक्त नुनको प्रयोग गर्ने घरपरिवार सम्बन्धी विवरण | |
| ४.१२ | | सार्वजनिक तथा निजी चर्पी र सरसफाई सम्बन्धी विवरण | |
| ४.१३ | | खानेपानीको स्रोत तथा उपलब्धता सम्बन्धी विवरण | |
| ४.१४ | | एच आइ भी प्रभावित तथा एआरभी प्रोफिल्याक्सिस प्रयोगको अवस्था | |
| **परिच्छेद५** | | **शैक्षिक अवस्था** | ४९-६९ |
| ५.१ | | महिला तथा बालबालिकाको साक्षरता विवरण | |
| ५.२ | | शैक्षिक संस्थाहरु र छात्रछात्राको विवरण | |
| ५.३ | | विद्यार्थी भर्ना दर (बालविकास, आधारभूत तह) | |
| ५.४ | | बिचमै विद्यालय छोड्ने र कक्षा दोहोऱ्याउने विद्यार्थी सम्बन्धी विवरण | |
| ५.५ | | छात्रवृत्ति प्राप्त विद्यार्थी विवरण | |
| ५.६ | | कूल शिक्षक शिक्षिका र शिक्षकको तालिम सम्बन्धी विवरण | |
| ५.७ | | कूल शिक्षक शिक्षिका र विद्यार्थी अनुपात सम्बन्धी विवरण | |
| ५.८ | | विद्यालयको शौचालय र खानेपानीको व्यवस्था | |
| ५.९ | | विद्यालयको कक्षा कोठा, फर्निचर, खेल मैदान सम्बन्धी विवरण | |
| ५.१० | | विद्यालय जान लाग्ने समय | |
| ५.११ | | बाल विकास केन्द्र र पूर्व प्रा.वि. तहमा अध्ययनरत विद्यार्थी विवरण | |
| ५.१२ | | बालक्लब, अतिरिक्त क्रियाकलाप, वि.व्य.स.मा सहभागिता सम्बन्धी विवरण | |
| ५.१३ | | विद्यालयमा कुहिने नकुहिने फोहोर व्यवस्थान, सेनेटरी प्याडको व्यवस्था र बालबालिकालाइ दिईने यातना सम्बन्धी विवरण | |
| **परिच्छेद ६** | | **बाल संरक्षण** | ७०-७५ |
| ६.१ | | द्वन्दपिडीत तथा जोखिममा परेका बालबालिका सम्बन्धी विवरण | |
| ६.२ | | विस्थापित बालबालिका सम्बन्धी विवरण | |
| ६.३ | | बालश्रमिक सम्बन्धी विवरण | |
| ६.४ | | बाल हिंसा, दुर्व्यवहार, बाल यौन शोषण तथा बेचविखनसम्बन्धी विवरण | |
| ६.५ | | बालबालिका बिरामी पर्दा उपचार गर्ने क्षमता सम्बन्धी विवरण | |
| ६.६ | | बालअधिकारको विषयमा जानकारी सम्बन्धी विवरण | |

| | | |
|---|---|---|
| ६.७ | | अनाथ/असहाय तथा सडक बालबालिका सम्बन्धी विवरण |
| ६.८ | | कुलतमा लागेका बालबालिकाको विवरण |
| ६.९ | | उमेर समूह अनुसार मृत्यु हुने बालबालिका विवरण |
| ६.१० | | खाद्यान्न संकटमा परेका बालबालिकाको विवरण |
| ६.११ | | जाडो तथा गर्मीका कारण मृत्यु हुने गर्भवती आमा तथा बालबालिकाको विवरण |
| ६.१२ | | बालबालिकामा भएको दिर्घरोग र दिर्घरोगका कारण मृत्यु हुने बालबालिका सम्बन्धी विवरण |
| ६.१३ | | संस्थागत हेरचाहमा रहेका बालबालिका सम्बन्धी विवरण |
| **परिच्छेद ७** | | **बाल सहभागिता** ७५-७६ |
| ७.१ | | बालबालिकासंग सम्बन्धित विविध संरचनामा बाल सहभागिताको विवरण |
| ७.२ | | बालबालिका सम्बन्धी योजना र विनियोजित बजेटको विवरण |
| **परिच्छेद ८** | | **आर्थिक विकास** ७७-७८ |
| **परिच्छेद ९ प्रकोप तथा शान्ति सुरक्षा** | | ७८-७९ |
| ९.१ | | प्रकोपको विवरण |
| ९.२ | | प्रकोपबाट भएको क्षतिको विवरण |
| ९.३ | | बाल अपराधको विवरण |

# परिच्छेद १ :
# गाउँपालिकाको परिचय

## १.१ भौगोलिक अवस्थिति

सरावल गाउँपालिका नवलपरासी (बर्दघाट–सुस्ता पश्चिम) जिल्लामा अवस्थित एक महत्वपूर्ण स्थानीय तह हो, जसको स्थापना संविधानसभाबाट बनेको संघीय संरचना अन्तर्गत २०७३ सालमा भएको हो । साविकका तिलकपुर, मनरी, सरावल, बडहरा दुबौलिया, रामपुर खडौना र भुजहवा गा.वि.स.हरू मिलाएर बनेको यस गाउँपालिकाको केन्द्र साविक सरावल गा.वि.स.को कार्यालयमा रहेको छ । कुल ७३.१९ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यो गाउँपालिका पूर्वमा प्रतापपुर र बर्दघाट नगरपालिका, पश्चिममा पाल्हिनन्दन गाउँपालिका तथा रामग्राम नगरपालिका, उत्तरमा बर्दघाट र सुनवल नगरपालिका, र दक्षिणमा भारतसँग सिमाना जोडिएको छ । गाउँपालिकाको बालबालिकाको वस्तुस्थिति विवरण तयारीको क्रममा वि.सं. २०८१ फाल्गुणमा गरिएको घरपरिवार सर्वेक्षणमा यस गाउँपालिकामा जम्मा ७७७७ घरपरिवार र जम्मा जनसंख्या ४०८७४ रहेको छ । जसमध्ये पुरुष २०९१० र महिला १९९६४ जना छन् ।

सरावल गाउँपालिका समृद्ध प्राकृतिक भूगोल, उर्वर भूमि, र चुरे पहाडदेखि तराईसम्म फैलिएको विविध भौगोलिक संरचनाले औद्योगिक, कृषिक, पर्यटन र व्यापारिक दृष्टिकोणले अत्यन्त सम्भावनायुक्त क्षेत्रको रूपमा चिनिन्छ । यहाँ कृषि मुख्य पेशा भए पनि व्यापार, वैदेशिक रोजगारी तथा सरकारी÷अर्धसरकारी सेवाबाट समेत यहाँका बासिन्दाले आर्थिक आय आर्जन गर्दै आएका छन्। गाउँपालिकाभित्र १७ सामुदायिक, १४ संस्थागत विद्यालय र ६ वटा मदरसाहरू रहेका छन् भने स्वास्थ्य सेवा प्रवाहका लागि ७ वटा स्वास्थ्य चौकी र १ आयुर्वेद औषधालय सञ्चालनमा छन्। जातीय, भाषिक र सांस्कृतिक विविधताभित्र एकता कायम गर्दै विकासको गतिमा अग्रसर यो गाउँपालिका भविष्यमा अझ समृद्ध, आत्मनिर्भर र आधुनिक ग्रामीण नमुनाका रूपमा विकसित हुने दिशातर्फ उन्मुख छ ।

## १.२. हावापानी र भु–उपयोग

यस गाउँपालिकाको हावापानी समग्रमा समशितोष्ण प्रकारको रहेकोछ । यहाँको धरातलीय स्वरुपले पनि हावापानीको प्रभाव दक्षिण पूर्वी मनसुनबाट प्रभावित देखिन्छ । यस गाउँपालिकाबाट जति उत्तर गईन्छ उतिनै हावापानीमा केही अन्तर पाइन्छ भने गाउँपालिकाको बार्षिक सरदर तापक्रम ५ डिग्रि सेल्सियस देखि अधिकतम ४३ डिग्रि सेल्सियस  सम्म रहेको छ । बार्षिक बर्षा औषतमा २१७५

मि.मि.भएतापनि अषाढ, श्रावण र भाद्रमा भारी वर्षा हुने गर्दछ । हिउँदमा अत्यन्त जाडो अनुभव हुन्छ भने गर्मीमा अत्याधिक गर्मी हुन्छ ।

कृषि उत्पादनको दृष्टिकोणले हेर्ने हो भने यहाँको जमिनको अधिकांश भु–भाग समथर हुनाले अधिकांश भाग कृषियोग्य छ । सिचाईको स्रोत तथा परम्परागत प्रणालीले गर्दा कृषि जमिनमा केही हदसम्म सिंचाईको व्यवस्था रहेकोले कृषि उत्पादन सन्तोषजनक रहेको छ । यस गाउँपालिकामा विभिन्न खोलानाला र पानीको श्रोतहरु रहेकोले श्रोतको सदुपयोग गर्ने प्रयास गरिएको देखिन्छ बिद्यमान श्रोतहरुको थप सदुपयोग गर्न सके त्यसबाट गाउँपालिकाले अझ बढि उत्पादन लिन सक्ने देखिन्छ ।

## १.४. आर्थिक अवस्था

नवलपरासी (ब.सु.प.) जिल्लाका ७ वटा स्थानीय तह मध्ये सरावल गाउँपालिकाको वेग्लै महत्व छ । गरिबीको रेखामुनी रहेका घरपरिवारको जीवनस्तर उकास्न आर्थिक, सामाजिक र सांस्कृतिक पक्षको वृहत्तर विकासका लागि गाउँपालिकाले विशेष योजना ल्याई कार्य गरिरहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकामा ६५.५ प्रतिशत आर्थिक रुपमा सक्रिय जनसंख्या रहेको छ । गाउँपालिकामा ४४.५२ प्रतिशत घरपरिवारले कृषि तथा पशुपालनलाई आम्दानीको मुख्य श्रोत बनाएका छन् भने ४.४१ प्रतिशतले नोकरी तथा निवृत्तिभरण, ५.२८ प्रतिशतले पसल व्यवसाय, २६.८९ प्रतिशत ज्याला तथा मजदुरी, १८.२३ प्रतिशतले वैदेशिक रोजगारी (विप्रेशण) तथा ०.६७ प्रतिशतले अन्य विविध स्रोतबाट आम्दानी हुने गरेको छ ।

## १.५. विकासका सम्भावना, अवसर, चुनौति र समस्याहरु

गाउँपालिकाको विकासका सम्भावना, अवसरहरु, चुनौतिहरु र समस्याहरु तपशिल बमोजिम रहेको छ :

**सम्भावना र अवसरहरु**

- पूर्ण खोप, खुल्ला दिशा मुक्त, पूर्ण साक्षर गाउँपालिका ।
- तरकारी तथा फलफूल खेती ।
- पशुपालन व्यवसाय संचालन ।
- गैह्रकाष्ठ वन पैदावार र जडिवुटी ।
- प्राकृतिक श्रोत, वन जंगल ।
- जलश्रोत ।
- मिश्रित समुदायको वाहुल्यता ।
- विकास निर्माणका कार्यमा समुदायको सक्रीय सहभागीता ।

**चूनौतिहरु**

- ❖ उपलब्ध साधन स्रोतको तुलनामा समुदायको विकास प्रतिको माग अत्याधिक (माग÷आपूर्ति)।
- ❖ जनसंख्या र भूगोलको आधारमा समतामूलक विकासको विस्तार।
- ❖ उद्योगहरुबाट उत्पादन हुने फोहोर र प्रदुषण।
- ❖ स्थानीय स्तरमा रोजगारीको सृजना।
- ❖ दक्ष जनशक्तिबाट जनतामा गुणस्तरीय सेवा प्रवाह।
- ❖ गुणस्तरीय शिक्षा प्रवाह।
- ❖ कृषि उपजको बजारीकरण।

## १.६ गाउँपालिकाका प्रमुख व्यवसाय तथा रोजगारीको अवस्था

सरावल गाउँपालिकाको विभिन्न वडामा घरपरिवारको मुख्य आम्दानीको श्रोत (प्रमुख व्यवसाय एवं रोजगारी) को अवस्था यस प्रकार रहेको छ :

***घरपरिवारको मुख्य पेशाको बिवरण :***

| वडा नं. | परिवारको मुख्य आयको माध्यम (पेशा तथा रोजगारीको अवस्था ) | | | | | |
|---|---|---|---|---|---|---|
| | कृषि तथा पशुपालन | ज्याला तथा मजदुरी | नोकरी/पेन्सन | पसल व्यवसाय | वैदेशिक रोजगारी (विप्रेषण) | अन्य |
| १ | ५९४ | १६९ | ४८ | ८८ | १९२ | १२ |
| २ | ५६२ | १८५ | ७६ | ६५ | ३१४ | ० |
| ३ | ५३० | ४११ | ५३ | ६१ | २३५ | १० |
| ४ | ५३४ | २९१ | ५७ | ६० | १७२ | ३ |
| ५ | २३७ | ३९८ | ३७ | २७ | १२२ | ९ |
| ६ | ३८६ | २९८ | ६९ | ८८ | ३५६ | १६ |
| ७ | ६१९ | ३३९ | ३ | २२ | २७ | २ |
| **जम्मा** | **३४६२** | **२०९१** | **३४३** | **४११** | **१४१८** | **५२** |
| **प्रतिशत** | **४४.५२** | **२६.८९** | **४.४१** | **५.२८** | **१८.२३** | **०.६७** |

*श्रोत : घरधुरी सर्वेक्षण २०८१*

## १.७. वडागत परिचय

### सरावल गाउँपालिका वडा नं. १ को परिचयः

साविक तिलकपुर गाविसका वडा नं. १, २, ३, ४, ५, ६ र ९ मिलेर सरावल गाउँपालिकाको वडा नं. १ कायम भएको हो। यस वडाले सरावल गाउँपालिकाकै पहिलो बालमैत्री स्थानीय शासन युक्त वडा हुने गौरव प्राप्त गरेको छ। बालबालिकाको क्षेत्रमा उल्लेखनीय कार्य गर्दै यसले स्थानीय विकासमा नविनतम सोच र पहल ल्याउने प्रयास गरेको छ।

यस वडामा जम्मा १० वटा गाउँ र टोलहरु रहेका छन्, जसमा प्रमुख टोलहरु तिलकपुर, सालबास र बसही रहेका छन् । वडाको मुख्य केन्द्र तिलकपुर टोलमा स्थित छ, र बजार क्षेत्रको रुपमा भने बासाबसही चोक रहेको छ । यस वडामा धार्मिक र ऐतिहासिक महत्वका स्थानहरुमा रजहवा बनबाटिका, राधाकृष्ण मन्दिर बसही, ओमकार्यश्वर शिवपंचाङ्ग मन्दिर, मनकामना मन्दिर, गायत्री मन्दिर, तुलसीनगर पोखरी र हसनी माई मन्दिर प्रमुख छन्।

वडा नं. १ मा ५ वटा विद्यालय रहेका छन् जसले शैक्षिक क्षेत्रमा योगदान पुर्याएका छन्। वडामा १ वटा स्वास्थ्य संस्था र १ वटा प्रहरी कार्यालय पनि उपलब्ध छ। यस वडामा २ वटा खेल मैदान रहेका छन् जसले बालबालिका र युवापिढीको शारीरिक विकासमा मद्दत पुर्याउँछन्। साथै, १ वटा बाल उद्यान पनि उपलब्ध छ, जसले बालबालिकाका लागि खेल र रमाइलोको स्थान प्रदान गर्दछ। वि.सं. २०८१ फाल्गुणमा बालबालिकाको वस्तुस्थिति विवरण तयारीको क्रममा गरिएको घरपरिवार सर्वेक्षण बमोजिम यस वडामा जम्मा ११०३ घरपरिवार र ५६३० जनसंख्या रहेको छ। जसमध्ये पुरुष २८४१ र महिला २७८९ जना छन्।

### सरावल गाउँपालिका वडा नं. २ को परिचयः

सरावल गाउँपालिका वडा नं. २ को गठन साविक तिलकपुर गा.वि.स.का मगरमुडाहा, दंगिया, पटखौली टोल र साविक मनरी गा.वि.स.का वडा नं. १, ५, ६, ७, ८ र अन्य वडाका केही टोलहरु मिलेर गरिएको हो। यस वडामा प्रमुख केन्द्र मनरी टोलमा स्थित छ, तर बजार क्षेत्र भने नरहेको अवस्था छ। धार्मिक, ऐतिहासिक र पर्यटकीय दृष्टिले यस वडामा रहेका प्रमुख स्थानहरुमा अत्रहट्टिमा अवस्थित प्राचिन शिवालय मन्दिर , जहा प्रत्येक वर्ष महाशिवरात्रीको अवसरमा भव्य मेला आयोजना हुन्छ। यस वडामा दंगिया टोलमा रहेको रामजानकी मन्दिर, मगरमुडाहामा अवस्थित दुर्गा पञ्चायन मन्दिर, मनरीमा थारु साँस्कृतिक पार्क जहाँ माघी मेलाको आयोजना हुनेगर्दछ। जावामा

रहेको कोल वृक्ष (जसलाई ककरपत्त नगर पनि भनिन्छ) प्रमुख धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरू हुन्। यी स्थानहरूले यहाँको धार्मिक र सांस्कृतिक धरोहरलाई प्रकट गर्दछ ।

वडाको प्रमुख शैक्षिक र स्वास्थ्य संस्थाः यस वडामा ६ वटा विद्यालय रहेका छन्, जसले शैक्षिक क्षेत्रमा योगदान पुर्याउँदै आएका छन् । वडामा १ वटा बाल उद्यान उपलब्ध छ, जसले बालबालिकाको विकासमा योगदान पुर्याउँछ । सार्वजनिक शौचालय भने उपलब्ध छैन । यस वडाले आफ्नो सांस्कृतिक र धार्मिक धरोहरलाई बचाइराख्दै सामाजिक र शैक्षिक क्षेत्रमा पनि महत्त्वपूर्ण योगदान पुर्याइरहेको छ । वि.सं. २०८१ वैसाखामा बालबालिकाको वस्तुस्थिति विवरण तयारीको क्रममा गरिएको घरपरिवार सर्वेक्षण बमोजिम यस वडामा जम्मा १२०२ घरपरिवार र ६२८० जनसंख्या रहेको छ । जसमध्ये पुरुष ३१५० र महिला ३१३० जना छन् ।

**सरावल गाउँपालिका वडा नं. ३ को परिचयः**

सरावल गाउँपालिका वडा नं. ३ को गठन साविक सरावल गाविसका वडा नं. १, २, ३, ४, ५, ६ र साविक मनरी गाविसका वडा नं. २, ३, ४, ९ मिलेर गरिएको हो। यस वडामा जम्मा १२ वटा गाउँ र टोलहरु रहेका छन्, जसमा प्रमुख टोलहरु सरावल, पटनी र गोईनी रहेका छन् । वडाको मुख्य केन्द्र सरावल टोलमा स्थित छ र बजार क्षेत्रको नाम सरावल ३ भिमटाँडी रहेको छ । यस वडामा रहेका धार्मिक र ऐतिहासिक महत्वका स्थानहरुमा पिपरा बालपुरी मन्दिर प्रमुख स्थान हो, जुन धार्मिक र सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण मानिन्छ ।

यस वडामा ३ वटा विद्यालय रहेका छन् जसले शैक्षिक क्षेत्रमा योगदान पुर्याएका छन् । वडामा १ वटा स्वास्थ्य संस्था उपलब्ध छ, तर प्रहरी कार्यालय भने छैन । यस वडामा २ वटा खेल मैदान रहेका छन् जसले बालबालिका र युवाको शारीरिक विकासमा मद्दत पुर्याउँछन् । बाल उद्यान भने उपलब्ध छैन । वि.सं. २०८१ फाल्गुणमा बालबालिकाको वस्तुस्थिति विवरण तयारीको क्रममा गरिएको घरपरिवार सर्वेक्षण बमोजिम यस वडामा जम्मा १३०० घरपरिवार र ६३९२ जनसंख्या रहेको छ । जसमध्ये पुरुष ३२६९ र महिला ३१२३ जना छन् ।

**सरावल गाउँपालिका वडा नं. ४ को परिचय :**

सरावल गाउँपालिका वडा नं. ४ को गठन साविक सरावल गाविसको वडा नं. ७, ८, ९ र बडहरादुबौलिया गाविसको वडा नं. १, ३, ४ मिलेर भएको हो । वडामा जम्मा ६ वटा गाउँ र टोलहरु रहेका छन्, जसमा प्रमुख टोलहरु बटसार, ललितपुर, हात्तिवन र गोबरहिया समावेश छन् । वडाको मुख्य केन्द्र मंगलापुर टोलमा रहेको छ र बजार क्षेत्रको नाम गोबरहिया, हात्तिवन र ललितपुर रहेका

छन् । यस वडामा रहेका धार्मिक, पर्यटकीय र ऐतिहासिक महत्वका स्थानहरुमा गोबरहिया कुटि, बहिरीमाई स्थान र मधेश साँस्कृतिक पार्क प्रमुख छन् ।

यस वडामा ८ वटा विद्यालय रहेका छन् जसले शैक्षिक विकासमा योगदान पुर्याउँदै आएका छन् । यसबाहेक, १ वटा स्वास्थ्य संस्था र १ वटा प्रहरी कार्यालय पनि उपलब्ध छ । वडामा १ वटा खेल मैदान रहेको छ, तर बाल उद्यान भने उपलब्ध छैन । सार्वजनिक शौचालयको संख्या १ वटा रहेको छ । वि.सं. २०८१ फाल्गुणमा बालबालिकाको वस्तुस्थिति विवरण तयारीको क्रममा गरिएको घरपरिवार सर्वेक्षण बमोजिम यस वडामा जम्मा १११७ घरपरिवार र ५६५७ जनसंख्या रहेको छ । जसमध्ये पुरुष २९१४ र महिला २७४३ जना छन् ।

**सरावल गाउँपालिका वडा नं. ५ को परिचय :**

सरावल गाउँपालिका वडा नं. ५ को गठन साविक बडहरादुबौलिया गाविसका वडा नं. ५, ६, ७, ८ र ९ मिलेर गरिएको हो । यस वडामा जम्मा ६ वटा गाउँ र टोलहरु रहेका छन्, जसमा प्रमुख टोलहरु धनगडवा, दुबौलिया, बडहरा र सानो दुबौलिया रहेका छन् । वडाको मुख्य केन्द्र दुबौलिया टोलमा स्थित छ, तर बजार क्षेत्र भने उपलब्ध छैन। यस वडामा रहेका धार्मिक, पर्यटकीय र ऐतिहासिक महत्वका स्थानहरुमा धनपोखरा, कोटही मन्दिर दुबौलिया र शिव मन्दिर बडहरा प्रमुख स्थानहरु हुन्। यी स्थानहरु धार्मिक र सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण मानिन्छन् ।

यस वडामा २ वटा विद्यालय रहेका छन् जसले शैक्षिक क्षेत्रको विकासमा योगदान पुर्याएका छन् । यस वडामा १ वटा स्वास्थ्य संस्था उपलब्ध छ, तर प्रहरी कार्यालय भने छैन । वडामा १ वटा खेल मैदान रहेको छ, तर बाल उद्यान उपलब्ध छैन । सार्वजनिक शौचालय नरहेको अवस्था छ । यस वडाले धार्मिक र सांस्कृतिक धरोहरलाई बचाइराख्दै सामाजिक र शैक्षिक क्षेत्रको समृद्धिमा योगदान दिइरहेको छ । वि.सं. २०८१ फाल्गुणमा बालबालिकाको वस्तुस्थिति विवरण तयारीको क्रममा गरिएको घरपरिवार सर्वेक्षण बमोजिम यस वडामा जम्मा ८३० घरपरिवार र ४४३९ जनसंख्या रहेको छ । जसमध्ये पुरुष २३१२ र महिला २१२७ जना छन् ।

**सरावल गाउँपालिका वडा नं. ६ को परिचयः**

सरावल गाउँपालिका वडा नं. ५ को गठन साविक रामपुरखडौना गाविसका सबै वडा, भुजहवा गाविसको वडा नं. २ र साविक बडहरादुबौलिया गाविसको वडा नं. २ मिलेर भएको हो । यस वडामा जम्मा १२ वटा गाउँ र टोलहरु रहेका छन्, जसमा प्रमुख टोलहरु पुसौली, मधवलिया, खडौना, गडौरी, बडसार र कुर्थावल रहेका छन् । वडाको मुख्य केन्द्र पुसौली टोलमा स्थित छ । यस वडामा बजार क्षेत्र

भने उपलब्ध छैन, तर विभिन्न स्थानमा स्थानीय जनजीवनको विविधता र विकासका सम्भावनाहरु देख्न सकिन्छ । धार्मिक, पर्यटकीय र ऐतिहासिक महत्वका स्थानहरुमा मधवलिया मदरसा प्रमुख स्थान हो ।

यस वडामा १० वटा विद्यालय रहेका छन् जसले शैक्षिक विकासमा महत्त्वपूर्ण योगदान पुर्याएका छन्। वडामा १ वटा स्वास्थ्य संस्था र १ वटा प्रहरी कार्यालय पनि उपलब्ध छ । यस वडामा ३ वटा खेल मैदान रहेका छन्, तर बाल उद्यान भने उपलब्ध छैन । सार्वजनिक शौचालयको संख्या १ वटा रहेको छ । वि.सं. २०८१ फाल्गुणमा बालबालिकाको वस्तुस्थिति विवरण तयारीको क्रममा गरिएको घरपरिवार सर्वेक्षण बमोजिम यस वडामा जम्मा १२१३ घरपरिवार र ६८३७ जनसंख्या रहेको छ । जसमध्ये पुरुष ३५४३ र महिला ३२९४ जना छन् ।

**सरावल गाउँपालिका वडा नं. ७ को परिचय :**

सरावल गाउँपालिका वडा नं. ७ साविक भुजहवा गाविसको वडा नं. १, ३, ४, ५, ६, ७, ८ र ९ मिलेर कायम भएको हो ।  यस वडामा जम्मा ९ वटा गाउँ र टोलहरु रहेका छन्, जसमा प्रमुख टोलहरु बरगदवा र भुजहवा रहेका छन् । वडाको मुख्य केन्द्र भुजहवा टोलमा स्थित छ र बजार क्षेत्रको नाम पनि भुजहवा रहेको छ । यस वडामा रहेका धार्मिक, पर्यटकीय र ऐतिहासिक महत्वका स्थानहरुमा बर्दघाटे कालिका मन्दिर र चमेरो (गादिल) प्रमुख छन् । यी स्थानहरु धार्मिक र सांस्कृतिक दृष्टिले महत्वपूर्ण छन्, जसले स्थानीय र बाह्य पर्यटकहरुको ध्यान आकर्षित गर्दै आएका छन् ।

यस वडामा ५ वटा विद्यालय रहेका छन् जसले शैक्षिक विकासमा योगदान पुर्याएका छन् । वडामा १ वटा स्वास्थ्य संस्था पनि उपलब्ध छ, तर प्रहरी कार्यालय भने छैन । यस वडामा १ वटा खेल मैदान रहेको छ, तर बाल उद्यान उपलब्ध छैन । सार्वजनिक शौचालयको संख्या १ वटा रहेको छ । वि.सं. २०८१ फाल्गुणमा बालबालिकाको वस्तुस्थिति विवरण तयारीको क्रममा गरिएको घरपरिवार सर्वेक्षण बमोजिम यस वडामा जम्मा १०१२ घरपरिवार र ५६३९जनसंख्या रहेको छ । जसमध्ये पुरुष २८८१ र महिला २७५८ जना छन् ।

## परिच्छेद २:
## बालमैत्री स्थानीय शासनको अवधारणा र कार्यक्षेत्र

### २.१. बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता :

विशेष किसिमको संरक्षण र स्याहार आवश्यक पर्ने साथै शारीरिक, मानसिक तथा संवेगात्मक रुपमा पूर्ण नभई सकेको उमेर नै बालबालिकाको समूहमा पर्दछन् । बालबालिका सम्बन्धी ऐन २०७५ एवं बालअधिकार महासन्धिमा उल्लेख भएअनुसार नेपालमा जन्मेदेखि १८ वर्षसम्म उमेर समूहका मानवहरु (केटाकेटीहरु)लाई बालबालिका भनिएको छ ।

बालअधिकारको संरक्षण गर्दै बालबालिकाको क्षेत्रमा लगानी सुनिश्चित गर्न बालमैत्री स्थानीय शासनको आवश्यकता छ । कानूनमा उल्लेख भए अनुसार बालबालिकाको हक अधिकार बालबालिकालाई दिलाउन, भविष्यमा सक्षम मानवीय स्रोत तथा सामाजिक र राजनीतिक क्षेत्रमा सफल नेतृत्वकर्ता तयार गर्न, शिक्षा, स्वास्थ्य लगायतको क्षेत्रलाई प्राथमिकतामा राखी लगानी गरी भविष्यमा राष्ट्रको आर्थिक विकासमा योगदान पु¥याउनको लागि र सही समयमा उचित तरिकाले बालबालिकाको वृद्धि विकास सहित बालबालिकाको मस्तिष्कमा सकारात्मक प्रभाव पार्नको लागि सबै घरपरिवार, समुदाय, विद्यालय र समग्र स्थानीय तहलाई बालमैत्री गराउनु आवश्यक छ ।

**बालमैत्री स्थानीय शासनको आवश्यकता**

- ❖ बालबालिकाको आधारभूत अधिकारको संरक्षण र उनीहरुको विकासका लागि अनुकूल र बालमैत्री वातावरणको सिर्जना गर्न ।
- ❖ बालबालिकाको विरुद्ध सबै प्रकारको शोषण, दुव्र्यवहार, जोखिम र भेदभावको अन्त्य र बालबालिकाहरुको जीवनस्तरमा सुधार गर्न ।
- ❖ बालबालिकाले आफ्नाका लागि आफै योजना बनाउने परिपाटी स्थापित गर्न ।
- ❖ बालबालिकाहरुमा आत्मबल र विश्वासको विकास भई वयस्कप्रति सम्मानको भावना जागृत गर्न ।
- ❖ बालबालिकाहरु आफ्नो अधिकार प्राप्त गरी कर्तव्यप्रति पनि जिम्मेवारी बोध गर्न ।
- ❖ बाल सञ्जालहरुको विकास, बाल सहभागिताको विकास गर्न ।
- ❖ बालबालिकाको उज्जवल भविष्य निर्माण गर्न ।
- ❖ सम्पूर्ण बालबालिकाहरुलाई विद्यालयको पहुँचमा पुर्याउन ।

- ❖ परिवार र स्थानीय तहहरुमा बालबालिकाप्रति संवेदनशील भई लगानी गर्ने बानीको विकास गर्न ।
- ❖ बालबालिकाका इच्छा, चाहना, सवाल र समस्याप्रति सरोकारवालालाई जिम्मेवार बनाउन ।
- ❖ बालबालिकालाई सुरक्षित रुपमा भविष्य निर्माण गर्ने वातावरण बनाउन ।
- ❖ निर्णय प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता गराई उनीहरुको आवाज सुनुवाई गर्न ।
- ❖ बाल सरोकारका विषयमा बालबालिकाले नेतृत्व लिने अवसर निर्माण गर्न ।
- ❖ आफ्ना सरोकारका विषयमा बालबालिकाले बोल्न पाउनु र उनीहरुले बोलेका कुराहरु निर्णयकर्तालाई बुझाउन सक्ने अवसरको सिर्जना गर्नु ।
- ❖ बालबालिकालाई हेला, श्रमशोषण, दुर्व्यवहार, बेचबिखन जस्ता जोखिमहरुबाट संरक्षण गर्न।
- ❖ देशका लागि सक्षम नागरिक तयार गर्दै समाजको अग्रगामी विकास गर्न ।

## २.२. विद्यमान ऐन नियममा बालबालिका सम्बन्धी भएका ब्यवस्था

बालअधिकार सुनिश्चित हुने गरी सरकारी तथा गैरसरकारी निकायहरुबाट प्रवाह गरिने सेवा, निर्माण गरिने पूर्वाधार र संरचनालाई बालबालिकाको हित र आवश्यकता अनुकूल हुनेगरी तयार गर्न र सरकारी संरचनालाई जवाफदेहीपूर्ण बनाउन देहाय बमोजिमको कानूनी र नीतिगत व्यवस्था गरिएको छ :

### क) नेपालको संविधान

नेपालको संविधानको मौलिक हक अन्तर्गत समानताको हक, बालबालिकाको हक र सामाजिक सुरक्षाको हकमा बालबालिका सम्बन्धी देहाय बमोजिमको प्रावधान रहेको छ :

**१) समानताको हक (धारा १८) :**

राज्यले नागरिकहरुका बिच कुनै भेदभाव नगर्ने तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका बालबालिका लगायतका नागरिकको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने प्रावधान समानताको हकमा रहेको छ ।

**२) बालबालिकाको हक (धारा ३९) मा देहाय बमोजिमका प्रावधान रहेका छन् :**

(क) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

(ख) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गिण व्यक्तित्व विकासको हक हुनेछ ।

(ग) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बालसहभागिताको हक हुनेछ ।

(घ) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

(ङ) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

(च) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनूचित प्रयोग गर्न पाइने छैन ।

(छ) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइनेछैन ।

(ज) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

(झ) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

(ञ) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

**(३) सामाजिक सुरक्षाको हक (धारा ४३) :**

बालबालिकालाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने प्रावधान रहेको छ ।

**(४) राज्यका नीतिहरु (धारा ५१) :**

श्रम र रोजगार सम्बन्धी नीति (झ)(३) मा बालश्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्य गर्ने नीति रहेको छ । सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति (ञ) ४ मा बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रुपमा मूल्यांकन गर्ने नीति रहेको छ । साथै (ञ) ५ मा बालबालिकाको सवोत्तम हितलाई प्राथमिक रुपमा ध्यान दिने नीति रहेको छ ।

**(ख) स्थानीय सरकार सञ्चालन ऐन**, **२०७४ :**

बालबालिकाको हक सम्बन्धी संवैधानिक व्यवस्था अनुसार स्थानीय तहलाई जिम्मेवार बनाउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा विभिन्न प्रावधानहरु रहेका छन् । यस ऐनले बालअधिकार प्रवर्द्धन गर्न ऐनको दफा ११(ज) बमोजिम प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा र

अनौपचारिक शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन गर्ने जिम्मेवारी सम्बन्धित गाउँ÷ नगरपालिकाको रहेको छ । शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार, आधारभूत तहको परीक्षा व्यवस्थापन, स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन, माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन गर्ने कार्य समेत गाउँ÷नगरपालिकाको कार्यक्षेत्र भित्र पर्दछ । यसैगरी सोही दफाको खण्ड (झ) बमोजिम आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन, आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रवद्र्धन, स्वस्थ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण, सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहरमैलाको व्यवस्थापन समेत स्थानीय तहको अधिकार क्षेत्रमा रहेको छ ।

ऐनको दफा १२ उपदफा २ खण्ड (१) को "ग" ले बालमैत्री स्थानीय शासन प्रवद्र्धन गरी बालमैत्री वडा घोषणा गर्ने जिम्मेवारी गाउँ/नगरपालिकाको वडालाई दिएको छ । बालउद्यानको व्यवस्था, प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन, पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र व्यवस्थापन, बालक्लब तथा बालसञ्जालको संचालन र व्यवस्थापन, वडाततहको स्वास्थ्य केन्द्र तथा उपकेन्द्रको व्यवस्थापन, बालबालिकाहरुलाई बि.सि.जि, पोलियो, भिटामिन ए को व्यवस्था, पोषण कार्यक्रमको सञ्चालन, अन्तर विद्यालय तथा बालक्लब मार्फत खेलकुद कार्यक्रमको सञ्चालन, प्रचलित कानून बमोजिम घटना दर्ता सम्बन्धी जनचेतना कार्यहरु समेत वडाको जिम्मेवारीमा रहेका छन् । यस्तै महिला विरुद्धको हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन, निरक्षरता जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने , सडक बालाबलिकाको उद्धार र पुर्नस्थापना गर्ने गराउने, प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिसामुक्त क्षेत्र, वातावरणमैत्री तथा बालमैत्री शासन जस्ता प्रवद्र्धनात्मक कार्यहरु गर्न, गराउने जिम्मेवारी समेत वडाको हुने प्रावधान रहेको छ ।

गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रकृयासंग अनुकूल हुनेगरी गर्नुपर्ने र सबै प्रकृयामा बालालिका लगायतका अन्तर सम्बन्धित विषयलाई समावेश गर्नुपर्ने व्यवस्था समेत यस ऐनले गरेको छ ।

**(ग) बालबालिका सम्बन्धी ऐन**, २०७५

बालबालिका सम्बन्धी ऐन, २०७५ ले १६ वटा दफाहरुमा बालबबालिकाको अधिकारलाई सुनिश्चित गरेको छ। प्रत्येक बालबालिका जम्मेपछि निजको बाबु भए बाबुले, बाबु नभए आमाले र आमा पनि नभए परिवारका अन्य सदस्यले आफ्नो धर्म, संस्कृति र चलन अनुसमर बालकको नाम राखिदिनु पर्ने र बालबालिकाको बाबु, आमा वा परिवारको कुनै सदस्य जीवित नरहेकोमा वा पत्ता नलागेकोमा बालबालिकालाई पाल्ने व्यक्ति वा संस्थाले बालकको नाम राखिदिनु पर्ने व्यवस्था बालबालिका सम्बन्धी ऐन, २०७५ ले गरेको छ। यसैगरी बाबु, आमाले आफ्नो परिवारको आर्थिक अवस्था अनुसार प्रत्येक बालबालिकाको पालन पोषण गर्नुका अतिरिक्त निजको शिक्षा, स्वास्थ्योपचार, खेलकूद तथा मनोरञ्जनका सुविधाहरुको व्यवस्था गर्नुपर्ने प्रावधान रहेको छ। उक्त ऐनले बालबालिकाको बाँच्न पाउने अधिकार, नाम, राष्ट्रियता र पहिचानको अधिकार, भेदभाव विरुद्धको अधिकार, बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकार, संरक्षणको अधिकार, पोषण तथा स्वास्थ्यको आधिकार, खेलकूद, मनोरञ्जन तथा सांस्कृतिक अधिकार र शिक्षाको अधिकारलाई बालबालिकाको अधिकारको रुपमा सुनिश्चित गरेको छ। त्यसैगरी बालबालिकासँग सम्बन्धित विषय हेर्न बाल अदालतको गठन गर्ने व्यवस्था रहेको छ। बालअधिकारलाई सुनिश्चित गर्न सहयोग पु¥याउन बालकल्याण अधिकारी, स्थानीय बालअधिकार समिति, बालगृह लगायतका बाल संरक्षण प्रणाली स्थापना र सञ्चालन गर्नुपर्ने व्यवस्था  रहेको छ। प्रदेश तथा स्थानीय तहमा बाल अधिकारको विषयलाई संस्थागत गर्न राष्ट्रिय बाल अधिकार परिषद, प्रदेश तथा स्थानीय तहको बाल अधिकार समितिको व्यवस्था समेत रहेको छ।

**(घ) मूलुकी देवानी संहिता**, २०७४

प्रत्येक व्यक्तिले अन्य व्यक्तिको व्यक्तित्वलाई स्वीकार गर्नुपर्ने, कानूनको दृष्टिमा सबै नागरिक समान हुने, समान कानूनको प्रयोगमा भेदभाव गर्न नपाइने, कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण गर्न नपाइने, प्रत्येक व्यक्ति जन्मनासाथ व्यक्तिको रुपमा मान्यता पाउने, प्रत्येक व्यक्तिले जन्मनासाथ नाम र थरको अधिकार हुने, आमा बाबुबाट मातृत्व र पितृत्वको निर्धारण हुने, कृतिम गर्भादानबाट जन्मिएको शिशुको पितृत्व बाबुको हुने, दम्पत्तिले छोराछोरीको जन्मदर्ता गर्नुपर्ने, प्रत्येक नाबालकको आमाबाबुले हेरचाह र स्याहार सम्भार गर्नुपर्ने, सम्बन्ध विच्छेद भएका दम्पत्तिले छोराछोरीको अधिकार कायमै रहने, नाबालकलाई श्रमिकको रुपमा काममा लगाउन नहुने, अशक्त छोराछोरीलाई विशेष हेरचाह गर्नुपर्ने, नाबालकको संरक्षक नभएर माथवर हुने, बालबालिकाको सर्वोत्तम हित हुने गरी धर्मपुत्र वा धर्मपुत्री राख्नुपर्ने व्यवस्था ऐनमा रहेको छ।

### (ङ) बालश्रम (निषेध र नियमित) ऐन, २०५६

कसैले पनि बालकलाइ ललाई, फकाई वा झुक्काएर वा कुनै पनि प्रलोभनमा वा डर, त्रास वा दवावमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छा विरुद्ध श्रमिकको रुपमा काममा लगाउनु हुदैन भन्ने व्यहोरा ऐनको दफा ४ मा उल्लेख भएको छ। यसैगरी बालकलाइ काममा लगाउदा दिनमा ६ घण्टा र एक सप्ताहमा ३६ घण्टा भन्दा बढी अतिरिक्त पारिश्रमिक दिई वा नदिई काममा लगाउनु हुदैन भन्ने व्यहोरा दफा ९(२) मा रहेको छ। ऐनको दफा १० (१) ले प्रतिष्ठानले श्रमिकको रुपमा काम गर्ने बालकलाइ लिङ्ग, वर्ण, धर्म वा जातजातीको आधारमा कुनै भेदभाव नगरी समान कामको लागि समान पारिश्रमिक र सुविधा दिनुपर्ने व्यवस्था गरेको छ। ऐनको दफा (११) ले कुनै पनि प्रतिष्ठानमा व्यवस्थापकले त्यहाँ काम गर्ने बालकको स्वास्थ्य र सुरक्षा सम्बन्धी व्यवस्था गर्नुपर्ने प्रावधान राखेको छ।

### (च) बाल अधिकार सम्बन्धी महासन्धि (CRC)

बालआधिकार महासन्धि १९८९ (नेपालले १४ सेप्टेम्बर १९९०मा अनुमोदन गरेको) ले बालआधिकारको सम्मान, संरक्षण र संवद्र्धन गर्न गैरविभेदीकरण (धारा २), सर्वोत्तम हित (धारा ३), सर्वाङ्गिण विकास (धारा ६), सहभागिता (धारा १२) को सिद्धान्तलाइ अवलम्बन गरेको छ। ५४ वटा धारा रहेको यस महासन्धिमा धारा १ देखि ४० मा विभिन्न किसिमका बालअधिकारको व्यवस्था गरिएको छ। धारा ४२ मा राष्ट्रिय वा अन्तराष्ट्रिय व्यवस्थामध्ये उत्कृष्टलाई कार्यान्वयन गर्न पाउने स्वतन्त्रता दिइएको छ। धारा ४२ मा बालअधिकारको विषयमा राज्यले बालबालिका र अभिभावकलाई जानकारी गराउनुपर्ने व्यवस्था छ। धारा ४३ देखि ५४ सम्म बालअधिकारको कार्यान्वयन, अनुगमन, मुल्यांकन तथा प्रतिवेदनको व्यवस्था गरिएको छ।

### (छ) सोह्रौं योजना (२०८१/८२–२०८५/८६)

सोह्रौं योजना (२०८१/८२–२०८५/८६) मा बालअधिकार सुनिश्चित भएको बालमैत्री समाजको सोचमा आधारित रही बालबालिका तथा किशोर किशोरीलाई सबै प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरुको हक अधिकार संरक्षण तथा प्रवद्र्धन गरी राष्ट्र निर्माण गर्न सक्ने योग्य र सक्षम नागकिकको रुपमा विकास गर्ने लक्ष्य राखिएको छ। उक्त लक्ष्य प्राप्त गर्न बालबालिका तथा किशोर किशोरीको अधिकारको संरक्षण र प्रवद्र्धन गर्ने, बालबालिका तथा किशोर किशोरीमैत्री वातावरण सृजना गर्ने , बालबालिका तथा किशोर किशोरीविरुद्ध हुने शारीरिक मानसिक लगायत सबै प्रकारका हिंसा, विभेद, दुव्र्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्ने उद्देश्य राखिएको छ।

बालस्वास्थ्यमा सुधार गरी बालमृत्युदर घटाउने, बालबालिकाको मानसिक तथा शारीरिक विकासका लागि प्रारम्भिक बालविकासमा पहुँच, बालबालिका तथा किशोर किशोरी विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गरी उनीहरुको जीवनलाई सुरक्षित बनाउने, असहाय, अनाथ, अपाङ्गता भएका, अशक्त तथा बेवारिसे बालबालिका तथा किशोर किशोरलाई राज्यबाट संरक्षण र सम्बद्र्धन गर्ने, विभिन्न माध्यमबाट बालबालिकालाई सामाजिक जीवनमा सहभागी हुने वातावरण सृजना गर्ने, राज्यले सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक व्यवस्था गर्ने, बालबालिकाको पहुँचयुक्त पूर्वाधारको निर्माण गरी बालमैत्री वातावरण सृजना गर्ने र विद्यमान बालगृहको संस्थागत आवासीय संरक्षणलाई निरुत्साहित तथा निसंस्थाकरण गर्दै अन्तिम विकल्पको रुपमा मात्र संरक्षण गर्ने गरी अन्य बैकल्पिक हेरचाहलाई प्रवद्र्धन गर्ने रणनीति पन्ध्रौं योजनामा उल्लेख गरिएको छ ।

### (ज) दिगो विकास लक्ष्य

संयुक्त राष्ट्रसंघको पहलमा सन २०३० सम्म प्राप्त गर्ने गरी तयार गरिएको विश्वव्यापी लक्ष्यहरु नै दिगो विकासका लक्ष्यहरु हुन् । जसमा १७ वटा मूल लक्ष्य तथा १६९ परिमाणत्मक लक्ष्यहरु तोकिएका छन् । दिगो विकासका कूल १७ लक्ष्यहरु मध्ये १, २, ३, ४, ५, ६, ९, ११, १६ र १७ गरी १० वटा लक्ष्यहरु बालबालिका र महिलासँग सम्बन्धित रहेका छन् । जसमध्ये लक्ष्य ४: सबैका लागि समावेशी र गुणस्तीय शिक्षा सुनिश्चित गर्ने, लक्ष्य ५: लैङ्गिक समानता हासिल गर्ने र किशोरीहरुको सशक्तीकरण गर्ने, लक्ष्य ६: सबैका लागि खानेपानी तथा सरसफाइको उपलब्धता गर्ने, लक्ष्य ९: बलियो पूर्वाधार निर्माण गर्ने र दिगो औद्योगिकीकरणको प्रवद्र्धन गर्ने, लक्ष्य ११: नगरहरु र मानववस्तीहरुलाई समावेशी, सुरक्षित र दिगो बनाउने, लक्ष्य १६: समावेशी समाजको प्रवद्र्धन गर्ने र सबैलाई न्यायमा पहुँच प्रदान गर्ने, र लक्ष्य १७: कार्यान्वयन प्रक्रिया मजबूत बनाउने र साझेदारीलाई पुनर्जीवन दिने लक्ष्यहरु बालबालिकाको सर्वाङ्गिण विकासको लागि आवश्यक पर्ने सेवा सुविधा उपलब्ध गराउने, पूर्वाधार विकास गर्ने, निर्मित पूर्वाधार दिगो बनाउने र सरकारी, गैरसरकारी तथा निजी क्षेत्र र विकास साझेदारको संलग्नतामा लक्ष्य पूरा गर्ने विषय रहेका छन् ।

सन् २०३० सम्ममा न्यायपूर्ण तथा समृद्ध मूलुक बनाउने परिकल्पना साथ नेपालको दिगो विकास लक्ष्यहरु तयार भई स्वीकृत भइसकेको छ । राज्यको पुर्नसंरचनापश्चात आधारभूत तथा माध्यमिक शिक्षा, प्राथमिक स्वास्थ्य उपचार, पिउने पानीको आपूर्ति र सरसफाई, कृषि, आधारभूत पूर्वाधारहरु, सामाजिक सुरक्षा र विपद् व्यवस्थापनका विषयहरु स्थानीय तहको क्षेत्राधिकारका विषय बनेका छन्, जुन विषयहरु दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित रहेका छन् ।

**(झ) अन्य प्रयासहरु**

बाल अधिकारका क्षेत्रमा राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा भएका प्रयासहरु मध्ये नेपालले अवलम्बन गरेका केही प्रमूख प्रयासहरु देहाय बमोजिम छन् :

(१) महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (Convention on the Elevation of all Forms of Discriminination against Women-CEDAW) १९७९ को अनुमोदन।

(२) सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग, बालबालिकाको बेचविखन, बाल वेश्यावृत्ति र अश्लिल चित्रण विरुद्ध बाल अधिकार सम्बन्धी महासन्धिको इच्छाधीन आलेख २००० को पक्ष राष्ट्र।

(३) दक्षिण एशियामा बाल कल्याण प्रवद्र्धनको लागि क्षेत्रीय व्यवस्था सम्बन्धी सार्क महासन्धि २००२ को पक्ष राष्ट्र।

(४) वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको सार्क महासन्धि २००२ को पक्ष राष्ट्र।

(५) बाल न्याय (कार्यविधि) नियमावली, २०६३ तर्जुमा।

(६) अन्तरदेशीय धर्मपुत्र धर्मपुत्री सम्बन्धी हेग महासन्धिमा हस्ताक्षर

(७) शिक्षा, विज्ञान तथा प्रविधि, स्वास्थ्य तथा जनसंख्या, श्रम, रोजगार तथा सामाजिक सुरक्षा, महिला, बालबालिका तथा जेष्ठ नागरिक, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायतका विषयगत मन्त्रालयले बालबालिकाका सवालहरुलाई क्षेत्रगत योजना र कार्यक्रममा समावेश गर्दै आएको।

(८) सरकारी तथा गैरसरकारी निकायसँगको समन्वयमा स्थानीय तहले बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको।

**२.३ सरावल गाउँपालिकाले बालबालिकाको अधिकार सुनिश्चिततासँगै बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि स्वास्थ्य, शिक्षा, बालबालिकाको क्षेत्रमा बालबालिकालाई प्रत्यक्ष रुपमा फाइदा पुग्ने गरी आ.व. २०८१/०८२ मा गरेका नीतिगत व्यवस्थाहरु यस प्रकार रहेका छन् :**

- ❖ स्वास्थ्य मनरी स्वास्थ्य चौकीबाट उपलब्ध गराइदै आएको चिकित्सकीय सेवालाई निरन्तरता दिइने छ। साथै मनरी तथा भुजहवा स्वास्थ्य चौकीमा प्रसुति भई २ सन्तानसम्म बच्चा जन्माउने सरावल गाउँपालिका भित्रका स्थायी बासिन्दा आमाहरुको लागि पोषण झोला उपलब्ध गराईनेछ।

❖ पोषण सुधारको लागि समुदायस्तरमा सचेतीकरण कार्यक्रम बिस्तार गर्नुका साथै समुदायमा लुकेर रहेका कुपोषित बालबालिकाहरुलाई खोज तलास गरी उपचारको दायरामा ल्याउन आवश्यक कार्यक्रम सञ्चालन गरिने छ।

❖ बालबालिकाको खोप कार्यक्रमलाई प्रभावकारी रुपले सञ्चालन गरी प्रत्येक बर्ष पूर्ण खोप सुनिश्चितता निरन्तरता दिईनेछ। साथै खोप क्लिनिक, कोल्ड चेन सेन्टर थप ब्यवस्थित गर्दै लगिनेछ।

❖ रामपुर खडौना स्वास्थ्य चौकीलाई किशोरकिशोरी मैत्री स्वास्थ्य संस्थाका रुपमा स्थापना गर्ने तथा भुजहवा स्वास्थ्य चौकीमा सुरक्षित गर्भपतन सेवा विस्तारको लागि आवश्यक ब्यवस्था गरिने छ।

❖ गाउँपालिकामा गर्भवती, प्रसुति जाँचलाई प्रभावकारी रुपले सञ्चालन गरिनेछ। पोषण झोला आईरन, फोलिक एसिड, क्याल्सियम लगायत आवश्यक पर्ने औषधि उपलब्ध गराई आवश्यकत अनुसार प्रयोगशाला सेवामा सहुलियत दिइनेछ।

❖ गर्भवतीहरुलाई झुल वितरण कार्यक्रमलाई निरन्तरता, जेष्ठ नागरिकको स्वास्थ्य जांच तथा उपचार सम्बन्धी बिशेष कार्यक्रम संचालन गरिनेछ।

❖ कक्षा ५ सम्मका बिद्यार्थीहरुको कम्तीमा एक पटक बिद्यालयमै स्वास्थ्य जांच (स्क्रिनिंग) क व्यवस्था गरिनेछ।

**महिला, बालबालिका, अपाङ्ग तथा जेष्ठ नागरिक**

❖ लैङ्गिक हिंसामा परेका, अपाङ्गता भएका व्यक्ति, असहाय बालबालिका र जेष्ठ नागरिकको संरक्षण र विकासका लागि बजेट विनियोजन गरि कार्यक्रम गरिनेछ।

❖ महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, आदिवासी जनजाती मुस्लिम, अल्पसंख्यक आदिलाई सबै खालका विकास निर्माण प्रक्रियामा जोडिनेछ।

❖ गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गर्न आवश्यक पुर्वाधारको विकास गरिनेछ। आगामी आ.व. मा वडा नं. २ र ३ लाई बालमैत्री घोषणा गरिनेछ।

❖ सडक बालबालिकाहरुलाई राहत, उद्धार, संरक्षण, पुनर्मिलन गराउने जस्ता कार्यमा जोड दिईनेछ

❖ महिला हिंसा, बाल हिंसा, मानव बेचबिखन र लागु औषध दुव्र्यसन विरुद्ध जनचेतना मुलक कार्यक्रमहरु संचालन गरिनेछ।

❖ पालिका भित्र सबै किसिमको बालश्रमलाई उन्मुलन गर्ने नीति लिईनेछ। बालबालिकालाई उनीह सँग सम्बन्धीत नीति नियम ऐन, नियम, तर्जुमा सामाजिक कार्य आदिमा सहभागी गराईनेछ।

❖ बालबालिकाको खुद भर्ना दर शत प्रतिशत पुर्याउने भर्ना अभियान, दिवा खाजा, अतिरिक्त क्रियाकलाप, शिक्षक अभिभावक अन्तरक्रिया जस्ता क्रियाकलापमा जोड दिईनेछ । साथै विद्यालय छोड्ने दरलाई न्युनिकरण गर्न आवश्यक कदम चालिनेछ।

**शिक्षा, युवा तथा खेलकुद**

❖ शारीरिक तथा मानसिक विकास सहितको माध्यामिक तहसम्मको शिक्षालाई बालमैत्री, सिकाईमैत्री, प्रविधिमैत्री र गुणस्तरीय बनाउन विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला, सूचना प्रविधि प्रयोगशाला, सुविधा सम्पन्न खेलमैदान, स्वच्छ खानेपानी, सुविधायुक्त शौचालय, अपाङ्गमैत्री पूर्वाधार विकासमा बजेट विनियोजन गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।

❖ "गुणस्तरीय शिक्षा, सरावलको ईच्छा" भन्ने नारालाई प्राविधिक र व्यावसायिक शिक्षामार्फत् गुणस्तरीय जनशक्ति उत्पादन गर्ने दीर्घकालीन नीति लिईनेछ।

❖ शैक्षिक संस्थाहरुमा अध्ययनरत छात्राहरुको लागि निःशुल्क रुपमा सेनेटरी प्याडको व्यवस्थालाई निरन्तरता दिईनेछ।

❖ गाउँपालिका भित्रका विद्यालयहरुमा अध्ययनरत उत्कृष्ट छात्राहरुलाई प्रोत्साहन स्वरुप छात्रवृति कार्यक्रम संचालनमा ल्याईनेछ।

❖ बाल विकास देखि कक्षा पाँचसम्म अध्ययन गर्ने बालवालिकाहरुको नियमितता तथा गुणस्तरीय सिकाईमा प्रोत्साहित गर्नको लागि स्वस्थ तथा गुणस्तरीय दिवा खाजाको व्यवस्थालाई प्रभावकार बनाईनेछ। यसका लागि अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ।

❖ सामुदायिक विद्यालयमा बाल विकास सुदृढीकरणको लागि विद्यार्थी संख्याका आधारमा बात विकास कोटा/दरबन्दी सिर्जना गर्न आवश्यक गृहकार्य गरिनेछ।

## २.४.बाल समूहहरु

सरावल गाउँपालिकाको विभिन्न वडामा समुदाय र विद्यालय स्तरको गरी जम्मा २९ वटा बालसमुह र वडा बालसंजालहरु गठन भएको छ। गाउँपालिकामा भएका बालसमूहहरुको विवरण यस प्रकार रहेको छ :

| क.स. | बालसमुहको नाम | ठेगाना (वडा, टोल/विद्यालय) | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|---|
| १ | तिलकपुर बाल सन्जाल | सरावल १ तिलकपुर | ४ | ७ | ११ |
| २ | जेनिथ बालक्लव, बासा | बसन्तपुर जेनिथ इ.बो. स्कुल | ४ | ७ | ११ |
| ३ | बसन्त बाल क्लव बासाबसही | बसन्त माबि | ५ | ६ | ११ |
| ४ | हरियाली बाल क्लव, भगडा | सरावल १ भगडा | २ | ९ | ११ |
| ५ | सनराईज बालक्लव सालबास | सनराईज ई.बो. स्कुल | ८ | ३ | ११ |
| ६ | तिलकपुर बालक्लव, तिलकपुर | सरावल १ तिलकपुर | ३ | ८ | ११ |
| ७ | ज्ञानज्योति बाल क्लव, बासा | सरावल १ बासा | ४ | ७ | ११ |
| ८ | सालबास बालक्लव, सालबास | सरावल १ सालबास | ८ | ३ | ११ |
| ९ | जनकल्याण बाल क्लव, पथरहिया | सरावल १ पथरहिया | ७ | ४ | ११ |
| १० | बसही बालक्लव, बसही | सरावल १ बसही | ४ | ७ | ११ |
| ११ | आदर्श बाल क्लव, खोखरपुरा | सरावल १, आदर्श मा.बि. | ४ | ७ | ११ |
| १२ | खोखरपुरा बालक्लव,खोखरपुरा | सरावल १ खोखरपुरा | ५ | ६ | ११ |
| १३ | श्री दिब्यज्योती बाल क्लब | सरावल २, मनरी | २ | ९ | ११ |
| १४ | श्री जुनतारा बाल क्लब | सरावल २,अहिरौली | ५ | ६ | ११ |
| १५ | श्री त्रिमुर्ती बाल क्लब | सरावल २, तिलौली | ४ | ७ | ११ |
| १६ | श्री समृद्ध बाल क्लब | सरावल २, जावा | ५ | ६ | ११ |
| १७ | श्री सृजनशिल बाल क्लब | सरावल २, अत्रहट्टि | ६ | ५ | ११ |
| १८ | श्री नवजागरण बाल क्लब | सरावल २, पटखौली | ३ | ८ | ११ |
| १९ | श्री प्रगती बाल क्लब | सरावल २, दंगिया | ३ | ८ | ११ |
| २० | श्री दिब्य बाल क्लब | सरावल २, मगरमुडाहा | ७ | ४ | ११ |
| २१ | श्री जनता बालक्लब | सरावल २, जनता मा.वि. | ५ | ६ | ११ |
| २२ | श्री सुवंशी बालक्लब | सरावल २, सुवंशी कन्या आ.वि. | ५ | ६ | ११ |
| २३ | वडा स्तरीय बाल संजाल | सरावल १ | ४ | ७ | ११ |
| २४ | वडा स्तरीय बाल संजाल | सरावल २ | ५ | ६ | ११ |
| २५ | वडा स्तरीय बाल संजाल | सरावल ३ | ५ | ६ | ११ |
| २६ | वडा स्तरीय बाल संजाल | सरावल ४ | ७ | ४ | ११ |
| २७ | वडा स्तरीय बाल संजाल | सरावल ५ | ४ | ७ | ११ |
| २८ | वडा स्तरीय बाल संजाल | सरावल ६ | ४ | ७ | ११ |
| २९ | वडा स्तरीय बाल संजाल | सरावल ७ | ४ | ७ | ११ |
| | जम्मा | | १३६ | १८३ | ३१९ |

## २.५. बालमैत्री गाउँपालिकाको अवधारणा

बालमैत्री स्थानीय शासन बाल अधिकार सम्बन्धी समग्र पक्ष (बालबचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता) को प्रवर्द्धन गरी नेपालको संविधान बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याईएको अवधारणा हो । नेपालको संविधानमा भएको बाल अधिकार सम्बन्धी व्यवस्था, स्थानीय सरकार संचालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CRC), १९८९, नेपालको पन्ध्रौ आवधिक योजना (२०७६/७७—२०८०/०८१) लगायत अन्य कानून, नीति तथा कार्यक्रमहरुले समेत बाल अधिकारको समग्र पक्षलाई सम्वोधन गरेको छ । स्थानीय सरकारको रुपमा रहेको वडा, गाउँपालिका, नगरपालिका जनताको नजिकमा रहेर सेवा प्रवाह गर्ने निकायको रुपमा स्थापित भैसकेका छन् । यस सन्दर्भमा बालअधिकारको विषयलाई स्थानीय तहको समग्र कार्य पद्धति र प्रणालीमा अन्तर्भुत गर्दै कार्यान्वयनमा लैजान उपयुक्त देखिन्छ ।

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लेखि भए अनुसार बालमैत्री स्थानीय शासन भन्नाले गैरविभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गिण विकास र अर्थपूर्ण सहभागिताको सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बालसहभागिता जस्ता बालअधिकारका सवाललाई स्थानीय तहको नीति, योजना, संरचना र कार्यप्रक्रियामा संस्थागत गर्ने शासकीय पद्धतिलाई सम्झनुपर्दछ ।

कुनै पनि स्थानीय तहले बालबालिकाको आधारभूत अधिकार बालबचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागितालाई स्थानीय तहको नीति, संरचना र प्रणाली , कार्यप्रक्रिया र व्यवहारमा संस्थागत गर्ने गरी शासकीय पद्धतिको विकास गर्छ र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका र कार्यान्वयन कार्यविधिहरुमा उल्लेखित सूचक तथा मापदण्ड पूरा गर्नका लागि प्रतिवद्धताका साथ कार्य गर्दछ भने उक्त स्थानीय तह बालमैत्री स्थानीय शासन उन्मुख भएको सम्झनुपर्दछ । निर्देशिका र कार्यविधिहरुमा तोके बमोजिमको बालमैत्री स्थानीय शासनको सूचकहरुमा नतिजा प्राप्त गर्ने स्थानीय तहलाई बालमैत्री स्थानीय तहको रुपमा लिन सकिन्छ ।

## २.६. बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र :

सरावल गाउँपालिकाको कार्यपालिका र गाउँ सभाबाट भएको निर्णय बमोजिम भूगोलको हिसाबले गाउँपालिकाका ७ वटा वडाहरु बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र हो भने विषयगत हिसाबले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ मा उल्लेखित बालबचाउका १४, बाल संरक्षणका १०, बाल विकासका ६, बाल सहभागिताका ६ गरी ३६ सेवा प्रवाह सम्बन्धी सूचक र

१५ वटा संस्थागत सूचक गरी जम्मा ५१ वटा सूचकमा तोके बमोजिम न्यूनतम उपलब्धी हाँसिल गर्ने कार्यभार बालमैत्री स्थानीय शासन गाउँ र वडा समिति, गाउँपालिका र सरोकारवालहरुको हो । बालमैत्री स्थानीय शासन घोषणाका लागि आवश्यक सूचक तथा कार्यक्षेत्र र सरावल गाउँपालिकाको अवस्था यस प्रकार रहेको छ :

**बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८**

## अनुसुची ३

**बालमैत्री स्थानीय शासनका न्यूनतम सूचकहरु**

(दफा २१ सँग सम्बन्धित)

| क.स. | सूचक | विद्यमान अवस्था (२०८१ फाल्गुण) | बालमैत्री घोषणा गर्न न्यूनतम अंक (प्रतिशत) |
|---|---|---|---|
| **क** | **बाल बचाउ** | | |
| १ | गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व चार पटक र प्रसूति पश्चात आमा र नजवात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएका हुनेछन् । | ९७ | ९५ |
| २ | गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएका हुनेछन् । | ९८.४२ | ९५ |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की (जम्मा २२५ वटा) खाएका हुनेछन् । | ९८.४२ | ९५ |
| ४ | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएका हुनेछन् । | ९८.९४ | ८० |
| ५ | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्यरुपमा पूर्ण स्तनपान गराएका हुनेछन् । | ९५.३३ | ८० |
| ६ | छ महिनादेखि पाँच वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाइएको हुनेछ । | १०० | १०० |
| ७ | एक वर्ष भित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्त गरी पूर्ण खोपयुक्त घोषणा भएको हुनेछ । | १०० | १०० |
| ८ | एच्आईभी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV Prophyaixis पाएका हुनेछन् । | १०० | १०० |
| ९ | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन् । | ९७.८१ | १०० |
| १० | कम तौल, पुड्को र ख्याउटेपन हुने पाँच वर्ष मुनिका बालबालिकाको संख्यामा कमी आएको हुनेछ । | ५० | ८० |
| ११ | अति कडा कुपोषण भएका बालबालिकाको संख्या शून्य भएको हुनेछ । | ० | १०० |
| १२ | सबै घरधुरीमा आधारभूत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ । | ९९.६२ | १०० |
| १३ | चर्पी गएपछि, बालबालिकाको दिसा धोएपछि र खाना | ८९.९१ | १०० |

| | | | |
|---|---|---|---|
| | खानु/खुवाउनु अघि साबुन पानीले हात धुने परिपाटिको विकास भएको हुनेछ । | | |
| १४ | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग भएको तथा खुला दिसामुक्त घोषणा भएको हुनेछ । | ९७ | १०० |
| **ख** | **बाल संरक्षण** | | |
| १५ | ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ । | ८५ | १०० |
| १६ | निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुर्नस्थापना भएको हुनेछ । | ० | १०० |
| १७ | स्थानीय तह बाल विवाह मुक्त भएको हुनेछ । (२३.५३ प्रतिशत बालविवाह) | ७६.४७ | १०० |
| १८ | घरपरिवार, समुदाय, सार्वजनिक स्थान (विद्यालय, सामाजिक चाडपर्व, भेला) मा बालबालिका विरुद्ध हुने हिंसा, बेचविखन, शोषण, बेवास्ता र दुर्व्यवहारमा कमी आएको हुनेछ । | ५० | ८० |
| १९ | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा आएको हुनेछ । | २८ | १०० |
| २० | छाउपडी, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ । | १०० | ९५ |
| २१ | स्थानीय तह/समुदायले १४ वर्षमुनिका असहाय बालबालिका ( भएमा) को संरक्षण गर्न विशेष व्यवस्था गरेका हुनेछन् । | १०० | १०० |
| २२ | स्थानीय तहमा सडक बालबालिकाको संख्या शून्य भएको हुनेछ (सडक बालबालिका भएकोमा बालगृहमा राखी व्यवस्थापन भएको हुने) | १०० | १०० |
| २३ | स्थानीय तहमा रहेका विद्यालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । (५ प्रतिशत बालबालिकालाई गाली, कुटपिट, उठबस लगायतका सजाय भोग्ने गरेको) | ९५ | १०० |
| २४ | कूलतमा लागेका बालबालिकाको लागि बाल सुधार गृहमा राख्ने व्यवस्था मिलाएको हुनेछन् । | ० | १०० |
| **ग** | **बाल विकास** | | |
| २५ | ३ देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भै टिकाउदर सतप्रतिशत रहेको हुनेछ । (फरक क्षमता भएका बालबालिकाको हकमा विशेष व्यवस्था गर्नुपर्ने) | ९३.५ | १०० |
| २६ | ५ देखि १४ वर्ष उमेर समूहका सतप्रतिशत बालबालिकाको आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पुरा गरेका हुनेछन् । | ९७.६६ | १०० |
| २७ | प्रत्येक विद्यालयमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भै यसको प्रयोग भएको हुनेछ । | ८६ | १०० |
| २८ | सबै विद्यालयका पूर्वाधार (कक्षा कोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा) बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित भएका हुनेछन् । | ६८ | १०० |
| २९ | प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ । | १०० | १०० |

| | | | |
|---|---|---|---|
| ३० | सबै विद्यालयहरुले कुहिने र नकुहिने फोहोर अलग अलग बिर्सजन गर्ने व्यवस्था गरेका हुनेछन् । | ६२ | १०० |
| **घ** | **बाल सहभागिता** | | |
| ३१ | स्थानीय तहमा समावेशी आधारमा बाल सञ्जाल गठन भई क्रियाशिल (न्यूनतम वार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् । | २५ | ९५ |
| ३२ | स्थानीय तहका वस्ती वा टोल र विद्यालयहरुमा समावेशी आधारमा बालक्लब गठन भई क्रियाशिल (न्यूनतम वार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन् । | २५ | ९५ |
| ३३ | ५ कक्षा भन्दामाथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लबको प्रतिनिधित्व रहनेछ । | ५४ | १०० |
| ३४ | स्वास्थ्य व्यवस्थापन समितिमा बालक्लब/सञ्जालको प्रतिनिधित्व रहनेछ । | १०० | १०० |
| ३५ | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना/समितिहरुमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ । | २८ | ९० |
| ३६ | बालभेलाबाट माग भई आएका योजनाहरु स्थानीय तहको योजनामा समावेश भएका हुनेछन् । | ० | १०० |
| **ङ** | **संस्थागत विकास** | | |
| ३७ | वडा/गाउँ/नगरपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरु गठन भई क्रियाशिल रहेका हुनेछन् । | २५ | १०० |
| ३८ | स्थानीय तहहरुले आफ्नो लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन् । | ८० | १०० |
| ३९ | गाउँपालिका/नगरपालिकामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाइ स्रोत केन्द्र सञ्चालनमा रहेको हुनेछ । | ० | ८० |
| ४० | बालबालिकाको वस्तुगत विवरण (प्रोफाइल) को आधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भई कार्यान्वयन भएको हुनेछ । | ० | १०० |
| ४१ | स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र गाउँ/नगरपालिका तहमा बालभेला अयोजना गरी बालभेलाले प्राथमिकता तोकेका विषयलाई स्थानीय तहको योजना तुर्जमा प्रक्रियामा समावेश गरिएको हुनेछ । | ० | १०० |
| ४२ | स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ । | ० | १०० |
| ४३ | प्रारम्भिक बालविकास केन्द्रहरुले स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड पुरा गरेका हुनेछन् । | ५० | १०० |
| ४४ | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुको लागि बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सञ्चालन गरेका हुनेछन् । | ० | १०० |
| ४५ | आधारभूत शिक्षा पश्चात विद्यालय शिक्षाबाट वञ्चित भएका | ० | ८० |

| | | | |
|---|---|---|---|
| | बालबालिकाहरुले जीवन उपयोगी शिक्षा (व्यवसायिक तथा सीपमूलक तालिम) प्राप्त गरेका हुनेछन् । | | |
| ४६ | स्थानीय तहमा रहेका प्रहरी (कार्यालय) चौकीहरुमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क एकाइ रहेको हुनेछ । | १०० | १०० |
| ४७ | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड अनुसार बालमैत्री र अपाङ्गतामैत्री हुनेछन् । | ५० | १०० |
| ४८ | स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछ । | ५० | १०० |
| ४९ | बसपार्क, सिनेमा हल, हाटबजार, खेल मैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खोनेपानी धाराको व्यवस्था भएको हुनेछ । | ० | १०० |
| ५० | स्थानीय तहको विपद् व्यवस्थापन योजनामा विपद्को सायमा बालाबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ । (विपद् व्यवस्थापन कार्यविधि बनेको) | १०० | १०० |
| ५१ | विपद्को समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको विशेष सहयोगको लागि संस्थागत व्यवस्था भएको हुनेछ । | १०० | १०० |

## २.७. बालअधिकार (बालबचाउ, बालसंरक्षण, बालबिकास र बालसहभागिता)

अधिकार भन्नाले लक्षित वर्गको लागि कानूनद्वारा प्रद्धत्त सेवा, सुविधा र अवसर भन्ने बुझिन्छ। यसरी हेर्दा बालबालिकाको लागि देशको कानूनद्धारा प्रद्धत्त सेवा, सुविधा र अवसर नै बाल अधिकार हुन्। बालबालिकाले एक समृद्ध मानव जीवन जिउनको लागि आवश्यक पर्ने आधारभूत आवश्यकताहरु नै बालअधिकार हुन् । बालअधिकार एक विशिष्टिकृत मानव अधिकार हो । राज्य, परिवार, समुदाय, संस्था, व्यक्ति र निजी क्षेत्रले बालबालिकाको लागि गर्नुपर्ने भनी संविधान र कानूनमा तोकिएका दायित्वहरु नै बालबालिकाका अधिकार हुन् । नेपालको संविधानको धारा ३९ मा बालबालिकाको अधिकारको बारेमा उल्लेख गरिएको छ भने बालबालिका सम्बन्धी ऐन, २०७५ ले १६ वटा दफाहरुमा बालबालिकाको अधिकारलाई सुनिश्चित गरेको छ।

बालअधिकारका व्यवस्थाहरुलाई सहजतापूर्वक बुझ्न तथा कार्यान्वयनमा ल्याउनका लागि चार विभिन्न क्षेत्रमा हेरिने गरेको छ।

### क) बाँच्न पाउने अधिकार

बाँच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो । गर्भमा रहेदेखि नै सुरक्षित हुनका लागि गर्भवती महिलाको विशेष स्याहार लगायत बालबालिकाको सुरक्षित रुपमा जन्म हुनुपर्दछ। जन्मे पछि पौष्टिक आहार र आवास, स्वस्थ वातावरण, सफा पानी, खोप, स्वास्थ्य स्याहार तथा प्राथमिक

उपचार लगायतका आधारभूत कुराको व्यवस्था हुनुपर्दछ । बाँच्न पाउने अधिकार अन्तर्गतका मुख्य विषयहरु बुँदागत रुपमा उल्लेख गरिएको छ :

- ❖ जन्मन पाउने, गर्भवती महिलाको विशेष स्याहार
- ❖ गाँस, बास र कपास
- ❖ पौष्टिक आहार र स्वास्थ्य स्याहार
- ❖ आमा बाबुको माया ममता
- ❖ स्वस्थ वातावरण र प्राथमिक उपचार

**ख) संरक्षण पाउने अधिकार**

प्रत्येक बालबालिकाले भेदभाव, शोषण, दुव्र्यवहार, अपहेलना, उत्पीडन एवं हानिकारक काम तथा युद्धमा संलग्न हुनुपर्ने स्थिति, ओसारपोसार तथा बेचविखन र आमाबाबुबाट अलग्गिनु पर्ने लगायतका जोखिमपूर्ण स्थितिबाट सुरक्षित हुन पाउनुपर्छ । अपाङ्ग तथा परिवार विहीन बालबालिकाको निम्ति विशेष व्यवस्था हुनुपर्छ । सम्पूर्ण बालबालिकालाई कानूनी संरक्षण प्राप्त हुनुपर्छ ।

**बाल संरक्षणको अधिकार अन्तर्गतका मुख्य विषयहरु बुँदागत रुपमा उल्लेख गरिएको छ :**

- ❖ जोखिमपूर्ण भेदभाव र कुरीतिबाट संरक्षण (गर्भबाटै)
- ❖ शारीरिक शोषण, यातना र श्रमबाट सुरक्षित
- ❖ कानूनी सुरक्षा र संरक्षण
- ❖ आमाबाबुको संरक्षण र निगरानी
- ❖ हानीकारक काम तथा युद्धमा संलग्नताबाट संरक्षण
- ❖ लागूपदार्थ तथा नसालुपदार्थबाट संरक्षण
- ❖ बेचबिखन, ओसारपसारबाट संरक्षण

**ग) विकास गर्न पाउने अधिकार**

स्वच्छ वातावरणमा सार्थक शिक्षा आर्जन गर्ने, मनोरञ्जन, खेल र आराम गर्ने, बाबुआमाको समान माया–ममता पाउने, उचित स्वास्थ्योपचार लगायतका उचित जीवनस्तरका निमित्त चाहिने एवं बालबालिकाको शारीरिक, मानसिक, नैतिक, सामाजिक विकासका निमित्त आवश्यक पर्ने सुविधा र अवसरहरु प्राप्त गर्ने अधिकार प्रत्येक बालबालिकाको जन्मसिद्ध अधिकार हो ।

बाल विकासको अधिकार अन्तर्गतका मुख्य विषयहरु बुँदागत रुपमा उल्लेख गरिएको छ :

- शिक्षा आर्जन गर्ने
- मनोरन्जन, खेल
- आमाबाबुको समान माया ममता
- उचित स्वास्थ्योपचार
- शारीरिक र मानसिक, भावनात्मक र बौद्धिक
- विकासका लागि आवश्यक सुविधा र अवसरहरु
- उचित मार्गदर्शन र राम्रो वातावरण

**घ) सहभागी हुन पाउने अधिकार**

बालबालिकाको जीवनमा प्रभाव पार्ने नीति निर्णयहरुमा बालबालिकाको आफ्नो कुरा सुनिनुपर्ने र सो विचारको कदर गरिनु पर्ने, रचनात्मक कार्य, सामाजिक र सांस्कृतिक क्रियाकलाप तथा जीवनका हरेक पक्षमा विना रोकतोक र विना भेदभाव सहभागी हुन पाउनु, आस्था अनुसारको धर्ममा संलग्न हुने, बालबालिका सम्बन्धी कुनै पनि कुराको जानकारी राख्न र अभिव्यक्त गर्न, संघसंस्था खोल्न वा सहभागी हुन पाउने लगायतका अधिकारहरु सबै बालबालिकाले पाउनुपर्दछ।

**अर्थपूर्ण बाल सहभागिता अन्तर्गतका मुख्य विषयहरु बुँदागत रुपमा उल्लेख गरिएको छ :**

- सामाजिक क्रियाकलापमा भागलिन पाउनु पर्ने
- जीवनका हरेक पक्षमा स्वतन्त्रपूर्वक सहभागी हुन पाउनु पर्ने
- रचनात्मक कार्यहरुमा सहभागिता
- जीवनका वारेमा सोच्ने, निर्णय लिने र केही गर्ने अधिकार
- संघ संस्था खोल्न तथा सहभागी हुन पाउने अधिकार
- आस्था अनुसारको धर्ममा संलग्नता
- बालबालिकाको बिचार र भावनाको कदर गरिनु पर्ने

## २.८.बालमैत्री स्थानीय शासन कार्यक्रमका साझेदार तथा सहयोगी संस्थाहरु र भूमिका

बालमैत्री स्थानीय शासनलाइ प्रभावकारी बनाउन केन्द्र र प्रदेश स्तरका साझेदार सहित स्थानीय स्तरका साझेदार तथा सहयोगी संस्थाहरुको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ। बालमैत्री स्थानीय शासन पद्धतिको संस्थागत विकास, नीति निर्माण, निर्देशन, बजेट प्रणालीलाई बालमैत्री बनाउने , बालमैत्री स्थानीय शासन संचालनका लागि प्रदेश र स्थानीय तहलाइ सहजीकरण, निरन्तर अनुगमन

गर्ने गराउने, बालअधिकार सम्बन्धी परामर्श सुझाव दिने, स्थानीयस्तरमा निर्माण भएका र हुने भौतिक पूर्वाधारहरु बालमैत्री वनाउने आवश्यक नीति एंव मार्गदशन प्रदेश तथा स्थानीय तहलाई गर्ने गराउने लगायत अन्य विशिष्ट भूमिका केन्द्रीय तहबाट निभाउनुपर्ने हुन्छ साथै प्रदेश तहबाट बालमैत्री स्थानीय शासन सम्बन्धी प्रादेशिक नीति तथा रणनीति बारे समन्वय गर्ने, प्रदेशस्तरका सबै सरकारी एवं गैर सरकारी क्षेत्रमा बालमैत्री स्थानीय शासन पद्धतिलाई मूलप्रवाहीकरण गर्न नीतिगत निर्देशन दिने एवं साझेदारी स्थापना गर्ने गराउने, बजेट प्रणालीलाई बालमैत्री गराउने, अनुगमन गर्ने लगायत थप विशिष्ट भूमिका निर्वाह गर्नुपर्ने हुन्छ ।

**स्थानीय स्तरका साझेदारहरुः**

बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्धन गर्ने प्रक्रियामा देहायका स्थानीयस्तरका साझेदार संस्थाहरु रहनेछन्ः

**(क) जिल्ला समन्वय समिति**

१. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको लागि समन्वय तथा सम्पर्क डेस्कको व्यवस्था गर्ने,

२. विभिन्न सरोकारबालाको बीचमा सम्पर्क, समन्वय र साझेदारी विकास गरी बालमैत्री स्थानीय शासन सञ्चालनमा गाउँ÷नगरपालिकालाई सहयोग गर्ने,

३. बालमैत्री स्थानीय शासन सम्बन्धी संचालित कार्यक्रमहरु समन्वयात्मक र एकीकृत ढंगबाट संचालन गर्न गाउँ÷नगरपालिकालाई सहयोग गर्ने,

४. बालमैत्री स्थानीय शासन सम्बन्धी स्थानीय तहमा संचालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्र्ने गराउने,

५. बालमैत्री स्थानीय तह घोषणाको लागि स्थलगत अनुगमन गरी आवश्यक सुझाव दिने ।

६. बालमैत्री स्थानीय शासनको आवधिक समीक्षा गरी कार्यक्रम संचालनमा देखा परेका समस्याहरु निराकरणमा गाउँ÷नगरपालिकालाई सहयोग गर्ने,

**ख) गाउँपालिकास्तरीय साझेदारहरुः**

बालमैत्री स्थानीय शासन पद्धतिको प्रवद्र्धन गर्ने प्रक्रियामा देहायका गाउँ तथा नगरस्तरका साझेदार संस्थाहरु रहनेछन्ः

**(क) गाउँपालिका**

१. केन्द्र र प्रदेश तथा अन्य सरोकार निकायवाट प्राप्त मार्गदर्शन, नीति तथा कार्यक्रमहरु आ–आफ्नो क्षेत्रको सन्दर्भमा आवश्यकता अनुसार परिमार्जन गरी वा नगरी लागू गर्ने,

२. आफ्नो क्षेत्रमा बालमैत्री स्थानीय शासन सम्बन्धी नीति तर्जूमा गर्ने,

३. बालमैत्री स्थानीय शासन प्रवद्र्धनको लागि सम्पर्क व्यक्ति, बाल कल्याण अधिकारी तोक्ने,

४. बालमैत्री स्थानीय शासन प्रवद्र्धनको लागि स्थानीयस्तरमा योजना तथा कार्यक्रम संचालन गर्दा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

५. बालमैत्री स्थानीय शासन प्रवद्र्धनको लागि बजेट विनियोजन गर्ने,

६. बालमैत्री स्थानीय शासन सम्बन्धी दीर्घकालीन नीति बनाई वार्षिक एवं आवधिक योजनामा समावेश गर्ने,

७. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने,

८. बालमैत्री स्थानीय शासन सम्बन्धी संचालित कार्यक्रमहरु समन्वयात्मक र एकीकृत ढंगबाट संचालन गर्ने गराउने,

९. बाल क्लव/समूह तथा संजालहरुको विकासमा सहयोग पु¥याउने, बालमैत्री स्थानीय शासनको आवधिक प्रगति समीक्षा गर्ने,

१०. आ–आफ्नो क्षेत्रबाट हुने सेवा प्रवाहलाई बालमैत्री बनाउने ।

११. गर्भवती महिला एवं बालवालिकाको स्वास्थ्य सम्बन्धी सेबालाई बालमैत्री गराउने

१२. बालवालिकाको आधारभूत स्वास्थ्य प्रवद्र्धनको लागि संचालन गरिने योजना तथा कार्यक्रमलाई बालमैत्री बनाउने

१३. बालवालिकाको शैक्षिक विकासका लागि संचालन गरिने योजना तथा कार्यक्रमहरुलाई बालमैत्री बनाउने,

१४. विद्यालय जान नसक्ने र बीचैमा कक्षा छोड्ने बालबालिकालाई विद्यालय शिक्षा उपलव्ध गराउने योजना कार्यान्वयन गर्ने,

१५. बालवालिकाको शारीरिक विकासको लागि भौतिक साधनको व्यवस्था गर्ने,

१६. बाल क्लव/समूह तथा संजालहरुलाई सूचिकृत गरी तथ्याङ्क अद्यावधिक गर्ने

१७. वडालाई बालमैत्री घोषणा गर्न आवश्यक सहयोग र समन्वय गर्ने ।

**(ख) बालमैत्री स्थानीय शासन गाउँपालिकास्तरीय समिति**

१. बालमैत्री स्थानीय शासन सम्बन्धी गाउँ/नगरस्तरको नीति, निर्देशिका, कार्यविधि तयार गर्ने र यस पद्धतिको प्रवद्र्धन गर्न गाउँ/नगरपालिकालाई नीतिगत पृष्ठपोषण गर्ने,

२. बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न गाउँ/नगरपालिकास्तरबाट समन्वयकारी भूमिका निर्वाह गर्ने,

३. बालबालिकाको क्षेत्रमा कार्यरत अन्तराष्ट्रिय एवं राष्ट्रिय, सरकारी एवं गैर सरकारी संघसंस्था तथा तहबीच आवश्यक समन्वय गर्ने गराउने,

४. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने ।

**(ग) गाउँ/नगर कार्यपालिकाका महाशाखा, शाखा, ईकाई**

१. महिला तथा बालबालिका सम्बन्धी नीति तथा कार्यक्रमलाई बालमैत्री बनाउने र यस्ता कार्यक्रमहरुमा बालसहभागिता सुनिश्चित गर्न सहयोग गर्ने

२. बालमैत्री स्थानीय शासन सम्बन्धी सूचक प्राप्त हुनेगरी बालमैत्री योजना तर्जूमा र कार्यान्वयन गर्न क्रियाशील रहने,

३. बालमैत्री स्थानीय शासन सम्बन्धी भएका क्रियाकलाप तथा प्रगति विवरणको सूचना अद्यावधिक र सम्प्रेषण गर्ने,

४. सेवा प्रवाह पद्धतिलाई बालमैत्री बनाउने ।

५. आ–आफ्नो विषयमा संचालन हुने नीति तथा कार्यक्रमलाई बालमैत्री बनाउने र यस्ता कार्यक्रमहरुमा बाल सहभागिता सुनिश्चित गर्ने,

६. आ–आफ्नो विषयमा बालमैत्री स्थानीय शासन सम्बन्धी सूचक प्राप्त हुनेगरी बालमैत्री योजना तर्जूमा र कार्यान्वयन गर्ने र स्वीकृतिको लागि गाँउ÷नगरपालिकामा पेश गर्ने ।

७. बालमैत्री स्थानीय शासनका सम्बन्धित सूचकहरुको अवस्था विश्लेषण, अनुगमन र प्रमाणिकरण गर्ने ।

**(घ) बाल क्लब/सञ्जाल, महिला सञ्जाल तथा गैर सरकारी संस्था**

१. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न आफ्ना सदस्यहरुलाई परिचालन गर्ने,

२. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तह र विषयगत शाखालाई सहयोग गर्ने,

३. बालबालिका सम्बन्धी कार्य गर्दा स्थानीय तहसँग समन्वय गरी एकद्वार पद्धतिबाट कार्य गर्ने गराउने,

४. आ–आफ्नो क्षेत्रबाट हुने विकास निर्माण एवं सेवा प्रवाहलाई बालमैत्री बनाउने ।

### (ङ) वडा समिति

१.नगरपालिकावाट प्राप्त मार्गदर्शन, नीति तथा कार्यक्रमहरु आफ्नो कार्य क्षेत्रमा लागू गर्ने,

२. आफ्नो वडामा बालमैत्री स्थानीय शासन सम्बन्धी नीति, योजना तर्जूमा र बजेट विनियोजन गर्ने गरी गाउँ÷नगरपालिकामा पेश गर्ने,

३. बालमैत्री स्थानीय शासन प्रवद्र्धनको लागि आफ्नो वडामा सम्पर्क व्यक्ति तोक्ने,

४. बालमैत्री स्थानीय शासन प्रवद्र्धनको लागि वडास्तरमा योजना तथा कार्यक्रम संचालन गर्दा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

५. बालमैत्री स्थानीय शासन सम्बन्धी संचालित कार्यक्रमहरु समन्वयात्मक र एकीकृत ढंगबाट संचालन गर्ने गराउने,

६. वडामा संचालित बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने,

७. बाल क्लव/समूह तथा संजालहरुको विकासमा सहयोग पुर्याउने,

८. बालमैत्री स्थानीय शासनको आवधिक प्रगति समीक्षा गर्ने,

९. आफ्नो क्षेत्रबाट हुने सेवा प्रवाहलाई बालमैत्री बनाउने ।

१०. बाल क्लव÷समूह तथा संजालहरुलाई आफ्नो वडामा सूचीकृत गरी तथ्याङ्क अद्यावधिक गर्ने ।

११. आफ्नो वडालाई बालमैत्री वडा वनाउने ।

### (च) बालमैत्री स्थानीय शासन वडा समिति

१. बालमैत्री स्थानीय शासन सम्बन्धी वडास्तरको नीति तथा योजना तयार गर्न र यस पद्धतिको प्रवद्र्धन गर्न वडा समितिलाई नीतिगत पृष्ठपोषण गर्ने,

२. बालमैत्री स्थानीय शासन पद्धतिको प्रवद्र्धन गर्न वडास्तरबाट समन्वयकारी भूमिका निर्वाह गर्ने,

३. बालमैत्री स्थानीय शासन सम्बन्धि आवधिक, वार्षिक लगानी योजना तर्जूमा र बजेट विनियोजन गर्न वडा समिति र गाउँ/नगरपालिका संग समन्वय गर्ने,

४. बालवालिकाको क्षेत्रमा वडास्तरमा कार्यरत अन्तराष्ट्रिय एवं राष्ट्रिय, सरकारी एवं गैर सरकारी संघसंस्था तथा तहबीच आवश्यक समन्वय गर्ने गराउने,

५. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने ।

**(छ) बालमैत्री स्थानीय शासन समुदाय समिति, सामुदायिक संस्था, सेवा केन्द्र, विद्यालय, स्वास्थ्य संस्था, गैसस तथा अन्य संघसंस्था**

१. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम संचालन गरी सेवा प्रवाहमा सहयोग पुर्याउने,

२. बालमैत्री स्थानीय शासनको अवधारणालाई समुदायस्तरसम्म पुर्याउन प्रवद्र्धनात्मक कार्यहरु गर्ने,

३. बाल समूहहरुको विकास र प्रवद्र्धनमा सहयोग पुर्याउने,

४. कार्यक्रमको स्वःअनुगमन, आवधिक समीक्षा र मूल्याङ्कन गर्ने, स्थानीयस्तरमा उपलव्ध साधन स्रोत बालबालिकाका क्षेत्रमा परिचालन गर्ने,

५. सरोकारवालासँग सम्पर्क एवं समन्वय गर्ने र साझेदारी निर्माण गर्ने,

६. स्वीकृत नीति निर्देशिका अनुसार कार्यक्रम संचालन गर्ने,

७. आ–आफ्नो क्षेत्रमा संचालन हुने कार्यक्रमको स्वामित्व ग्रहण गर्ने,

८. आ–आफ्नो क्षेत्रबाट हुने विकास निर्माण एवं सेवा प्रवाहलाई बालमैत्री बनाउने ।

## २.९.बालमैत्री सुशासन युक्त स्थानीय तह निर्माणका लागि अवसर र सम्भावनाहरु

बालअधिकार महासन्धिको अनुमोदनले बालबालिकाहरु प्रति राज्यलाई जवाफदेहि बनाएको र यसै प्रति लक्षित भई नेपाल सरकारले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका र कार्यविधिहरु तयार गर्नु आफैमा एउटा अवसरको रुपमा रहेको छ । बालअधिकारको विषयलाई स्थानीय तहको समग्र कार्यपद्धति र प्रणालीमा अन्तरभूत गर्दै कार्यान्वयन गर्न गरेको निर्देशन बमोजिम बालमैत्री स्थानीय शासन अवलम्बनलाई लक्ष्यका साथ अगाडी बढाईएको हो । सरावल गाउँपालिकाको सबै वडामा बालमैत्री स्थानीय शासन लागु गर्नको लागि गाउँसभाबाट बालबालिका सम्बन्धी विशेष नीति तथा योजनाहरु पास भएका छन् । बालबालिकाको क्षेत्रमा निश्चित प्रतिशत बजेट विनियोजन भएको छ ।

गाउँपालिकामा विगत देखि नै स्वास्थ्य संस्था र विद्यालयले बालबालिकाको क्षेत्रमा गरेको महत्वपूर्ण योगदानका कारण बालबचाउ र विकासको क्षेत्रमा अधिकांश सूचकहरु पुरा भएका छन् । बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह घोषणाको लागि आवश्यक ५१ सुचकमध्ये हालसम्म १२ वटा सुचकमा आवश्यक नतिजा प्राप्त गरिसकेको अवस्था छ ।  जसले बालमैत्री स्थानीय तह घोषणा गर्ने

यात्रामा महत्वपूर्ण खुड्किलाको रुपमा काम गर्नेछ । यस बाहेक बालमैत्री स्थानीय शासन युक्त गाउँपालिका घोषणाका लागि अवसर र सम्भावनाहरु यस प्रकार रहेका छन् :

१. गाउँपालिकाका जनप्रतिनिधि, सम्बन्धित कर्मचारीहरु र सरोकारवालाहरुलाई बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण गरिनु र बालमैत्री घोषणाका लागि सबै प्रतिवद्ध हुनु ।

२. बालमैत्री स्थानीय शासनको संस्थागत विकासको लागि बालमैत्री स्थानीय शासन समिति गठन गरी परिचालन गरिनु । बालमैत्री सहजकर्ता परिचालन गर्नु ।

३. बालक्लब एवं बालसंजालहरु गठन हुनु ।

४.स्वास्थ्य संस्था, विद्यालय, स्थानीय संघसंस्था लगायतको सकारात्मक सहयोग रहनु ।

५.. खुल्ला दिशा मुक्त क्षेत्र, पूर्ण खोप युक्त गाउँपालिका, पूर्ण साक्षर गाउँपालिका घोषणा हुनु ।

७. सुनौला हजार दिन तथा वहुक्षेत्रीय पोषण सम्बन्धी कार्यक्रम प्रभावकारी रुपमा संचालन हुनु लगायत ।

# परिच्छेद ३ :

# जनसंख्या

वि.सं. २०८१, फाल्गुणमा सरावल गाउँपालिकाको बालबालिकाको वस्तुस्थिति विवरण तयारीको क्रममा गरिएको घरधुरी सर्वेक्षण बमोजिम यस गाउँपालिकामा जम्मा ७७७७ घरपरिवार र ४०८७४ जनसंख्या रहेको छ । जसमध्ये पुरुष २०९१० र महिला १९९६४ जना छन् । १८ वर्षभन्दा कम उमेरका जम्मा ११९२८ जना बालबालिका रहेका छन् । जसमध्ये बालक ६१६१ र बालिका ५७६७ जना छन् । जुन कूल जनसंख्याको २९.१८ प्रतिशत हुन आउछ ।

## ३.१ उमेर समूह र जातीगत आधारमा जनसंख्या

### (क) उमेर समूहको आधारमा जनसंख्या :

| उमेर समुह | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| ५ वर्ष मुनिका बालबालिका | १३९० | १३१० | २७०० |
| ५ देखि १४ वर्ष सम्मका बालबालिका | ३५६५ | ३२३९ | ६८०४ |
| १५ देखि १८ वर्ष सम्मका बालबालिका | १२०६ | १२१८ | २४२४ |
| १८ वर्ष देखि माथि | १४७४९ | १४१९७ | २८९४६ |
| **जम्मा जनसंख्या** | **२०९१०** | **१९९६४** | **४०८७४** |

*स्रोत : घरधुरी सर्वेक्षण २०८१*

## (ख) वडागत जनसंख्या

| वडा नं. | घर परिवार संख्या | जम्मा जनसंख्या | | | १८ वर्ष सम्मको बालबालिका संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | बालक | बालिका | जम्मा |
| १ | ११०३ | २८४१ | २७८९ | ५६३० | ७१० | ६६६ | १३७६ |
| २ | १२०२ | ३१५० | ३१३० | ६२८० | ८७४ | ८३२ | १७०६ |
| ३ | १३०० | ३२६९ | ३१२३ | ६३९२ | ९३३ | ८१५ | १७४८ |
| ४ | १११७ | २९१४ | २७४३ | ५६५७ | ९३४ | ८४३ | १७७७ |
| ५ | ८३० | २३१२ | २१२७ | ४४३९ | ७२४ | ६७१ | १३९५ |
| ६ | १२१३ | ३५४३ | ३२९४ | ६८३७ | १०६२ | १०१७ | २०७९ |
| ७ | १०१२ | २८८१ | २७५८ | ५६३९ | ९२४ | ९२३ | १८४७ |
| जम्मा | ७७७७ | २०९१० | १९९६४ | ४०८७४ | ६१६१ | ५७६७ | ११९२८ |

## (ग) उमेर समुहको आधारमा वडागत जनसंख्या

| वडा नं. | ५ वर्ष मुनीका | | | ५ देखि १४ | | | १५ देखि १८ | | | १८ वर्ष भन्दा माथि | | | जम्मा जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | १८३ | १७२ | ३५५ | ३९० | ३६५ | ७५५ | १३७ | १२९ | २६६ | २१३१ | २१२३ | ४२५४ | २८४१ | २७८९ | ५६३० |
| २ | २७३ | २२५ | ४९८ | ३९४ | ३८४ | ७७८ | २०७ | २२३ | ४३० | २२७६ | २२९८ | ४५७४ | ३१५० | ३१३० | ६२८० |
| ३ | २२६ | २१२ | ४३८ | ५३२ | ४४७ | ९७९ | १७५ | १५६ | ३३१ | २३३६ | २३०८ | ४६४४ | ३२६९ | ३१२३ | ६३९२ |
| ४ | १८३ | १५७ | ३४० | ५७० | ५२२ | १०९२ | १८१ | १६४ | ३४५ | १९८० | १९०० | ३८८० | २९१४ | २७४३ | ५६५७ |
| ५ | १५२ | १५१ | ३०३ | ४४७ | ३९१ | ८३८ | १२५ | १२९ | २५४ | १५८८ | १४५६ | ३०४४ | २३१२ | २१२७ | ४४३९ |
| ६ | १८९ | १९२ | ३८१ | ६७९ | ५९८ | १२७७ | १९४ | २२७ | ४२१ | २४८१ | २२७७ | ४७५८ | ३५४३ | ३२९४ | ६८३७ |
| ७ | १८४ | २०१ | ३८५ | ५५३ | ५३२ | १०८५ | १८७ | १९० | ३७७ | १९५७ | १८३५ | ३७९२ | २८८१ | २७५८ | ५६३९ |
| जम्मा | १३९० | १३१० | २७०० | ३५६५ | ३२३९ | ६८०४ | १२०६ | १२१८ | २४२४ | १४७४९ | १४१९७ | २८९४६ | २०९१० | १९९६४ | ४०८७४ |

*स्रोत : घरधुरी सर्वेक्षण २०८१*

### (घ) जातिगत/सामुदायिक आधारमा जनसंख्या विवरण

| | **घरधुरी** |
|---|---|
| अन्य | ७३ |
| आदिबासीजनजाती / | २९९३ |
| दलित | ११८० |
| ब्राहमणक्षेत्री / | ५३७ |
| मधेसी | २२४७ |
| मुस्लिम | ७४५ |
| **जम्मा** | **७७७७** |

*स्रोत : घरधुरी सर्वेक्षण २०८१*

### (ङ) वडागत रुपमा जातिगत/सामुदायिक आधारमा जनसंख्या विवरण

| **जातियता/वडा** | १ | २ | ३ | ४ | ५ | ६ | ७ | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|
| अन्य | २ | १५ | १४ | | | ४२ | | ७३ |
| आदिबासी/ जनजाती | ५५२ | ६७२ | ८२८ | ५३१ | १५४ | २३५ | २१ | २९९३ |
| दलित | १२७ | १७८ | २०६ | १५४ | १०० | २०३ | २१२ | ११८० |
| ब्राह्मण/क्षेत्री | ३१५ | १३८ | ३६ | २५ | १५ | ३ | ५ | ५३७ |
| मधेसी | ९५ | १७० | १७१ | २१० | ५४२ | ४१० | ६४९ | २२४७ |
| मुस्लिम | १२ | २७ | ४५ | १९७ | १९ | ३२० | १२५ | ७४५ |
| **जम्मा** | **११०३** | **१२०२** | **१३००** | **१११७** | **८३०** | **१२१३** | **१०१२** | **७७७७** |

*स्रोत : घरधुरी सर्वेक्षण २०८१*

### ३.२. मातृभाषाको आधारमा जनसंख्या विवरण

सरावल गाउँपालिकामा करिब ८९ प्रतिशत घरपरिवारले मातृभाषाको रुपमा भोजपुरी भाषा बोल्ने गरेको पाइएको छ भने १० प्रतिशतले नेपाली भाषा र बाँकी १ प्रतिशतले मगर,नेवारी, लगायत अन्य भाषा बोल्ने गरेका पाइएको छ। मातृभाषाको आधारमा जनसंख्या विवरण यस प्रकार रहेको छ :

| **क्र.स.** | **मातृभाषा** | **घरपरिवार** |
|---|---|---|
| १ | अन्य | १८ |
| २ | गुरुङ | १ |
| ३ | नेपाली | ८०१ |

| | | |
|---|---|---|
| ४ | नेवारी | ७ |
| ५ | भोजपुरी | ६९२३ |
| ६ | मगर | २५ |
| ७ | मैथिली | २ |
| | जम्मा | ७७७७ |

*स्रोत: घरधुरी सर्वेक्षण २०८१*

**वडागत रुपमा मातृभाषाको आधारमा घरपरिवार विवरण**

| मातृभाषा/वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| अन्य | २ | १२ | | | | ४ | | १८ |
| गुरुङ | १ | ० | | | | | | १ |
| नेपाली | ४८१ | २५० | ४६ | ९ | ५ | २ | ८ | ८०१ |
| नेवारी | ४ | ३ | | | | | | ७ |
| भोजपुरी | ६१२ | ९१५ | १२५४ | ११०८ | ८२५ | १२०७ | १००२ | ६९२३ |
| मगर | ३ | २२ | | | | | | २५ |
| मैथिली | | | | | | | २ | २ |
| जम्मा | ११०३ | १२०२ | १३०० | १११७ | ८३० | १२१३ | १०१२ | ७७७७ |

## ३.३. जनसंख्या वृद्धिदर

सरावल गाउँपालिकाको वि.सं.२०६८ को जनगणना र वि.सं.२०७८ को जनगणनाको आधारमा यस गाउँपालिकाको जनसंख्या वृद्धिदर १.२७ प्रतिशत रहेको छ।

## ३.४. जन्मदर्ता सम्बन्धी विवरण

नाम तथा पहिचानको अधिकार नेपालको संविधान २०७२ ले मौलिक अधिकारको रुपमा प्रत्याभूत गरेको अधिकार हो । जन्मदर्ता बालबालिकाको अधिकार मध्ये पहिलो अधिकार हो । यसले बालबालिकाको पहिचान, नाम र राष्ट्रियता अधिकार सुनिश्चित गर्दछ। त्यसैले बच्चा जन्मनासाथ सम्बन्धित स्थानीय तहमा जन्मदर्ता गराउनु बाबुआमाको कर्तव्यभित्र पर्दछ। बालअधिकार सम्बन्धी महासन्धिको धारा ७ मा बालबालिकालाई जन्मनासाथ जन्मदर्ता गरिन्छ र जन्मेपछि उसले आफ्नो नाम राख्न पाउने र राष्ट्रियताको अधिकार पाउनेछ भन्ने उल्लेख गरिएको छ। साथै बालबालिका सम्बन्धी ऐन, २०७५ ले समेत बालबालिकाको नाम र जन्ममिति कायम गर्ने व्यवस्था गरेको पाईन्छ।

सरावल गाउँपालिकामा ५ वर्ष मुनिका करिब ८५ प्रतिशत बालबालिकाको जन्मदर्ता भएको छ भने भर्खरै जन्मिएका, विद्यालय भर्ना नभएका, अस्थायी रुपमा इट्टाभट्टा तथा साना ठुला उद्योगहरुमा काम गर्ने परिवारका बालबालिका र बसाईसराई दर्ता नगराएका अधिकांश घरपरिवारका बालबालिकाको जन्मदर्ता नभएको पाइएको छ । यसरी हेर्दा यस गाउँपालिकामा ५ वर्ष सम्मका करिब १५ प्रतिशत बालबालिकाको जन्मदर्ता हुन बाँकी छ । वि.सं. २०८१ फाल्गुणमा भएको घरधुरी सर्वेक्षण बमोजिम सरावल गाउँपालिकाको वडाहरुमा जन्मदर्ता सम्बन्धी विवरण यस प्रकार रहेको छ :

| **वडा नं.** | **५ वर्ष मुनिका बालबालिका संख्या** | | | **जन्मदर्ता भएका बालबालिका संख्या** | | | **जन्मदर्ता नभएका बालबालिका** | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| १ | १८३ | १७२ | ३५५ | १६८ | १६४ | ३३२ | १५ | ८ | २३ |
| २ | २७३ | २२५ | ४९८ | २६५ | २१८ | ४८३ | ८ | ७ | १५ |
| ३ | २२६ | २१२ | ४३८ | २११ | १८९ | ४०० | १५ | २३ | ३८ |
| ४ | १८३ | १५७ | ३४० | १६७ | १३३ | ३०० | १६ | २४ | ४० |
| ५ | १५२ | १५१ | ३०३ | १०२ | १०४ | २०६ | ५० | ४७ | ९७ |
| ६ | १८९ | १९२ | ३८१ | १४३ | १५२ | २९५ | ४६ | ४० | ८६ |
| ७ | १८४ | २०१ | ३८५ | १३६ | १४८ | २८४ | ४८ | ५३ | १०१ |
| जम्मा | **१३९०** | **१३१०** | **२७००** | **११९२** | **११०८** | **२३००** | **१९८** | **२०२** | **४००** |

*स्रोत : घरधुरी सर्वेक्षण २०८१*

## ३.५. वालविवाहको अवस्था

सरावल गाउँपालिकामा वि.सं. २०८० फाल्गुण देखि २०८१ फाल्गुण सम्ममा मात्रै कूल २५५ विवाहमध्ये ६० जनाको बालविवाह भएको छ । २० वर्षभन्दा कम उमेरमा करिब २३.५३ प्रतिशत बालबालिकाको विवाह भएको देखिएको छ । वडागत रुपमा कुल विवाह र वालविवाहको विवरण यस प्रकार रहेको छ :

| **वडा नं.** | **१ वर्षमा भएको कूल विवाह** | **विवाह गर्दा २० वर्षभन्दा कम उमेर हुनेको संख्या (वालविवाह)** |
|---|---|---|
| १ | ३६ | २ |
| २ | ४५ | ५ |
| ३ | २८ | २ |
| ४ | ३८ | १५ |
| ५ | ३२ | २२ |
| ६ | ४५ | ८ |
| ७ | ३१ | ६ |
| | **२५५** | **६०** |

*स्रोत : घरधुरी सर्वेक्षण २०८१*

## ३.६ परिवार संख्या र प्रतिपरिवार औसत बालबालिका संख्या

### क) वडा अनुसार घरधुरी र जनसंख्या विवरण

| वाड नं. | घरपरिवार संख्या | बालबालिका संख्या | जनसंख्या विवरण | | |
|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा |
| १ | ११०३ | १३७६ | २८४१ | २७८९ | ५६३० |
| २ | १२०२ | १७०६ | ३१५० | ३१३० | ६२८० |
| ३ | १३०० | १७४८ | ३२६९ | ३१२३ | ६३९२ |
| ४ | १११७ | १७७७ | २९१४ | २७४३ | ५६५७ |
| ५ | ८३० | १३९५ | २३१२ | २१२७ | ४४३९ |
| ६ | १२१३ | २०७९ | ३५४३ | ३२९४ | ६८३७ |
| ७ | १०१२ | १८४७ | २८८१ | २७५८ | ५६३९ |
| **जम्मा** | **७७७७** | **११९२८** | **२०९१०** | **१९९६४** | **४०८७४** |

*स्रोत : घरधुरी सर्वेक्षण २०८१*

### ख) औषत घरपरिवार र प्रति परिवार औषत बालबालिका

सरावल गाउँपालिकामा जम्मा ७७७७ घरपरिवार संख्या रहेको र जम्मा ४०८७४ जनसंख्या रहेको हुँदा औषत घरपरिवार संख्या ५.२५ र प्रतिपरिवार औषत बालबालिका संख्या १.५३ रहेको छ।

## ३.७ अपाङ्गताको विवरण

सरावल गाउँपालिकामा ४२ बालक र २९ बालिका गरी ७१ अपाङ्गता भएका बालबालिका रहेका छन्।

### (क) अपाङ्गता भएका बालबालिकाको वडागत विवरण

| वडानं. | अपाङ्गता भएका बालक संख्या | अपाङ्गता भएका बालिका संख्या | जम्मा |
|---|---|---|---|
| १ | ७ | २ | ९ |
| २ | १३ | ५ | १८ |
| ३ | ६ | ६ | १२ |
| ४ | ३ | ५ | ८ |
| ५ | ३ | १ | ४ |
| ६ | ४ | ६ | १० |
| ७ | ६ | ४ | १० |
| **जम्मा** | ४२ | २९ | ७१ |

*स्रोत : घरधुरी सर्वेक्षण २०८१*

### (ख) अपाङ्गताको प्रकृतिको आधारमा बालबालिकाको बिवरण

| वडा नं. | **अपाङ्गताको प्रकृति** | **बालक** | **बालिका** | **जम्मा** |
|---|---|---|---|---|
| १ | मानसिक वा मनोसामाजिक | २ | - | १ |
| १ | बहु अपाङ्गता | ४ | २ | - |
| १ | शारीरिक अपाङ्गता | १ | - | - |
| २ | दृष्टि सम्बन्धी अपाङ्गता | १ | - | १ |
| २ | शारीरिक अपाङ्गता | ६ | ३ | ९ |
| २ | दृस्टी सम्बन्धि अपाङ्गता | १ | | १ |
| २ | सुनाइ/ बोलाई सम्बन्धि अपाङ्गता | २ | १ | ३ |
| २ | मानसिक वा मनोसामाजिक | ४ | १ | ५ |
| ३ | दृस्टी सम्बन्धि अपाङ्गता | १ | १ | ५ |
| ३ | शारीरिक अपाङ्गता | ३ | ५ | ८ |
| ३ | सुनाइ/ बोलाई सम्बन्धि अपाङ्गता | २ | १ | ३ |
| ४ | शारीरिक अपाङ्गता | १ | ५ | ६ |
| ४ | सुनाइ/ बोलाई सम्बन्धि अपाङ्गता | १ | - | १ |
| ५ | बहु अपाङ्गता | २ | १ | ३ |
| ५ | शारीरिक अपाङ्गता | १ | ० | १ |
| ६ | बहु अपाङ्गता | १ | १ | २ |
| ६ | शारीरिक अपाङ्गता | २ | ३ | ५ |
| ६ | सुनाइ/ बोलाई सम्बन्धि अपाङ्गता | १ | १ | २ |
| ६ | दृस्टी सम्बन्धि अपाङ्गता | ० | १ | १ |
| ७ | शारीरिक अपाङ्गता | ५ | ३ | ८ |
| ७ | सुनाइ/ बोलाई सम्बन्धि अपाङ्गता | १ | ० | १ |
| ७ | श्रवण र दृस्टी बिहिन | ० | १ | १ |
| | **जम्मा** | ४२ | २९ | ७१ |

*स्रोत : घरधुरी सर्वेक्षण २०८१*

# परिच्छेद ४ :
# बाल तथा मातृ स्वास्थ्य

## ४.१.स्वास्थ्य संस्था सम्बन्धी विवरण

(क) सरावल गाउँपालिकाको स्वास्थ्य संस्था सम्बन्धी विवरण यस प्रकार रहको छ :

| क.स. | स्वास्थ्य संस्था | संख्या |
|---|---|---|
| १ | सरकारी अस्पताल | ० |
| २ | निजी अस्पताल | ० |
| ३ | स्वास्थ्य चौकी | ६ |
| ४ | सामुदायिक स्वास्थ्य इकाई | १ |
| ५ | गाउँ घर क्लिनिक | २० |
| ६ | खोप केन्द्र | २६ |
| ७ | प्रसुती गृह | २ |
| ८ | बहिरंग उपचार केन्द्र | ७ |
| ९ | आर्युवेदिक औषधालय | २ |
| १० | औषधि पसल/मेडिकल | १५ |

**(ख) गाउँपालिकाको स्वास्थ्य शाखा र वडागत रुपमा सेवा प्रवाह गर्ने स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीको विवरण यस प्रकार रहेको छ :**

**गाउँपालिकाको स्वास्थ्य शाखामा कार्यरत कर्मचारी विवरण :**

| क.स. | नाम | पद | संख्या |
|---|---|---|---|
| १ | ओम नारायण देवकोटा | सि.अ.हे.व.अ | १ |
| २ | मिरा थापा | स्टाफ नर्स | १ |
| ३ | भिमलाल भण्डारी | पोषण सहजकर्ता | १ |

**गाउँपालिकाको ७ वडामा अवस्थित स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारी विवरण :**

| क.सं. | नाम | पद | सम्पर्क नम्बर |
|---|---|---|---|
| **तिलकपुर स्वास्थ्य चौकी, सरावल १** | | | |
| १ | अशोक कुमार पाण्डेय | सि.अ.हे.व.अ. | ९८४७०५५४६१ |
| २ | पार्वती कडेल | सि.अ.हे.व. | ९८४७१९९७५१ |
| ३ | सरस्वती कडेल | सि.अ.न.मी. | ९८४७२८९६४४ |
| ४ | ज्योति खनाल | सि.अ.न.मी. | ९८४७०१७८९८ |
| ५ | सूर्य निवाङ लिम्बु | अ.हे.व. | ९८४२७९३२८२ |

| | | | |
|---|---|---|---|
| ६ | रुप नारायण राय | ल्या. अ. | ९८४७५४२५२२ |
| ७ | लक्ष्मी कुमारी चौधरी | का.स. | ९८४४७८८१४१ |
| **मनरी स्वास्थ्य चौकी, सरावल २** | | | |
| १ | डा. अनिस गुप्ता | मे.अ. | ९८५७०४६२२५ |
| २ | निलकण्ठ भण्डारी | सि.अ.हे.व.अ. | ९८४७०५०४६९ |
| ३ | अनिता चौधरी | सि.अ.न.मी. | ९८४८७२३४१४ |
| ४ | शान्ति पुरी | सि.अ.हे.व. | ९८४०९५९७७९ |
| ५ | बुद्धिराम चौधरी | अ.हेव. | ९८४००४२४४० |
| ६ | अनुपा कुमारी चौधरी | अनमी | |
| ७ | डोलकान्ति चौधरी | अनमी | ९८१११५८७७९ |
| ८ | गणेश अर्याल | ल्या. अ. | ९८६०७७४७२९ |
| ९ | अमरसिंह कुर्मी | का.स. | |
| १० | योगमाया चौधरी | सरसफाइकर्मी | |
| **सरावल स्वास्थ्य चौकी, सरावल ३** | | | |
| १ | सुमन पन्त | ज.स्वा.नि. | ९८५७०६४२३४ |
| २ | पुष्पा शर्मा | सि.अ.हे.व.अ. | ९८४६३१३६६२ |
| ३ | देवराज चौधरी | सि.अ.हे.व. | ९८१९४०८६५५ |
| ४ | शिवनारायण चौधरी | सि.अ.हे.व. | ९८२१४०४५९४ |
| ५ | अजिवुन नेसा | अ.न.मी. | ९८६७५९७५१० |
| ६ | सोनु चौधरी | ल्या. अ. | ९८२१९९६५५३ |
| ७ | किसमति चौधरी | का.स. | ९८११५६६४४१ |
| **मंगलापुर सामुदायिक स्वास्थ्य इकाई, सरावल ४** | | | |
| १ | अदालत चौधरी | ज.स्वा.नि. | ९८६९५८६८१२ |
| २ | बिन्दमाया चौधरी | सि.अ.न.मी.नि. | ९८४७२९८१६६ |
| ३ | बिशेस्वर नाथ गोसाइ | सि.अ.हे.व. | ९८४७१५४१६६ |
| ४ | सुमन यादव | अ.हे.व. | ९८२२२३२१३५ |
| ५ | राजकुमार कुश्वाहा | का.स. | ९८१९४२९५९८ |
| **बडहरा दुबौलिया स्वास्थ्य चौकी, सरावल ५** | | | |
| १ | बिजय चौधरी कुर्मी | ज.स्वा.नि. | |
| २ | बेलास अहिर | सि.अ.हे.व. | |
| ३ | मिलन चौरसिया | अ.हे.व. | |
| ४ | कुशुम भट्टराई | सि.अ.न.मी. | |
| ५ | आस्मा चौधरी | अ.न.मी. | |
| ६ | मन्त्री यादव | का.स. | |
| **रामपुर खडौना स्वास्थ्य चौकी, सरावल ६** | | | |
| १ | रामशरण धोबी | सिअहेव | ९८४७०८०४७६ |
| २ | सिराजु अन्सारी | ज.स्वा.नि. | ९८०७५९७०४९ |
| ३ | मनिता कुमारी सिंह | सि.अ.न.मी.नि. | ९८०६९९३०६० |
| ४ | गंगा देवी भण्डारी | सि.अ.न.मी. | ९८४७३७४८५० |
| ५ | अनुजा राई | अ.हे.व. | ९८६२१३९६३८ |
| ६ | सर्बजित कुमार साह | अ.हे.व. | ९८१५८७१८८५ |

| | | | |
|---|---|---|---|
| ७ | दिपक हरिजन | का.स. | ९८१२९६३५९० |
| **भुजहवा स्वास्थ्य चौकी, सरावल ७** | | | |
| १ | रुप नारायण यादव | ज.स्वा.नि. | ९८४७०८१०४२ |
| २ | संजोक कुमार हरिजन | सि.अ.हे.व. | ९८४७२८८८१५ |
| ३ | अनिल कुमार महतो नुनिया | अ.हे.व. | ९८६५५२०६१५ |
| ४ | अनुपा पौडेल | अ.न.मी | ९८४१७८९५७३ |
| ५ | मन्जुला चौधरी | सि.अनमी | ९८०७४२१८९३ |
| ६ | मोहन चौधरी | पाँचौ का.स. | ९८४७५९५८६ |
| ७ | बिष्णु महतो | अनमी | ९८१७४२७९४० |
| ८ | देवी कुमारी यादव | ल्याब असिस्टेन्ट | ९८११५८४९८६ |
| ९ | रुपा चौधरी | अनमी | ९८२१५८२९८४ |
| १० | अमराउती देवी चमार | सुइपर | ९८६४५८०७८२ |
| ११ | फुलवन्ती चमार | सुइपर | ९८२१०४८०२७ |

### (ग) स्वास्थ्य संस्थामा औषधीको उपलब्धता

सरावल गाउँपालिकाका सबै वडामा रहेका स्वास्थ्य संस्थाहरुमा मापदण्ड बमोजिमका औषधिहरु नियमित रुपमा आपूर्ती हुने गरेको छ। फोलिक एसिड र नसर्ने रोगहरु जस्तै उच्च रक्तचाप, मधुमेह लगायतका औषधिहरु छोटो समयको लागि कहिलेकाही अभाव हुने गरेको छ।

## ४.२.सुरक्षित मातृत्व कार्यक्रम

सरावल गाउँपालिकाले लिएको स्वास्थ्य सम्बन्धी विभिन्न नीतिहरुमध्ये सुरक्षित मातृत्व कार्यक्रम, पोषण कार्यक्रमलाई प्रभावकारी बनाउने नीति समेत लिएको छ। गाउँपालिकाको स्वास्थ्य शाखा र वडास्थित स्वास्थ्य संस्थाहरुद्वारा गर्भवती तथा सुत्केरी आमाहरुलाई मातृशिशु स्वास्थ्य सम्बन्धी सचेतना सहित विविध कार्यक्रमहरु विगत देखि नै संचालन गर्दै आएको छ। साथै गाउँपालिकामा संचालित वहुक्षेत्रीय पोषण कार्यक्रमबाट समेत १००० दिनका आमा र बच्चालाइ लक्षित गरी पोषण सहयोग, विविध सचेतनामुलक कार्यक्रमहरु संचालन भएको छ । जसले गर्दा सुरक्षित मातृत्व कार्यक्रमको केही प्रभावकारिता भने बढेको छ । गाउँपालिका स्थित स्वास्थ्य शाखाबाट प्राप्त जानकारी अनुसार विगत ५ वर्षमा यस गाउँपालिका क्षेत्रभित्रका १ वर्ष मुनिका ७ जना बालबालिकाको मृत्यु भएको छ।

## ४.३ खोप लगाउने बालबालिका सम्बन्धी विवरण

सरावल गाउँपालिका पूर्ण खोप युक्त गाउँपालिका हो। तर पनि प्रत्येक वर्ष खोप लगाउने क्रममा कुनै बालबालिका छुट्ने भएकोले अनुगमन र सर्वेक्षणबाट खोप छुटेका बालबालिका पत्ता लगाई

उनीहरुलाई खोप लगाएर वडा तथा नगरपालिकाले नियमित रुपमा पूर्ण खोपको सुनिश्चितता गर्दै आएको छ।

वडामा रहेका बालबालिकाहरु खोपको लागि सम्बन्धित वडामा मात्रै नभई अन्यत्र आफूलाई सबैभन्दा नजिक र पायक पर्ने ठाउँमा गएर पनि सेवा लिइरहेको अवस्था छ। जन्मिएको १ महिनाभित्र लगाउनुपर्ने वि.सि.जि खोप प्रसुती गृहमै बच्चा जन्मिएपछि लगाउने गरेको कारण पनि वडाको स्वास्थ्य संस्थामा उक्त खोप लगाउनेको मात्रा कम देखिएको छ। कुनै स्वास्थ्य चौकीमा अनुमानित भन्दा बढी र कुनैमा कम बालबालिकाले खोप लगाएको देखिन्छ।

सरावल गाउँपालिकाको स्वास्थ्य शाखाबाट प्राप्त प्रतिवेदन अनुसार ७ वटै वडाहरुमा स्वास्थ्यकर्मी तथा महिला सामुदायिक स्वास्थ्य स्व्यंसेविकाहरुको परिचालनमा पालिका भित्रका ५५ वटै टोलहरुमा २०८० फाल्गुण र चैत्र महिनामा गरिएको घरधुरी सर्वेक्षण मार्फत भेटिएका १६ देखि ५९ महिनाका २५७३ जना बालबालिकाहरु मध्ये २ जना बालबालिकाले पूर्ण खोप नलगाएको पाइकोले ति बालबालिकाहरुलाई खोज र खोप अभियान अन्तर्गत पूर्ण मात्रा खोप लगाई वि.सं. २०८१/०२/१८ गते पूर्ण खोप सुनिश्चित भएको गाउँपालिकाको रुपमा घोषणा गरिएको थियो।

पूर्ण खोप सुनिश्चित गर्ने क्रममा सरावल गाउँपालिकाको स्वास्थ्य संस्था र शाखाबाट तयार भएको बालबालिकाको पूर्ण खोप सम्बन्धी विवरण यस प्रकार रहेको छ :

| **वडा नं.** | **स्वास्थ्य संस्थाको नाम** | **१६ देखि ५९ महिनाको जम्मा बालबालिका संख्या** | **पूर्ण खोप प्राप्त गरेका बालबालिका संख्या** | **सर्वेक्षणमा भेटेर खोप पुरा गरेका बच्चा संख्या** | |
|---|---|---|---|---|---|
| | | | | शुन्य डोज | ड्रप आउट |
| १ | तिलकपुर स्वास्थय चौकी | ३८९ | ३८९ | ० | ० |
| २ | मनरी स्वास्थ्य चौकी | ४१२ | ४१२ | ० | १ |
| ३ | सरावल स्वास्थ्य चौकी | ३९५ | ३९५ | ० | ० |
| ४ | मंगलापुर सामुदायिक स्वास्थ्य इकाई | ३५० | ३५० | ० | ० |
| ५ | बडहरा दुबौलिया स्वास्थय चौकी | २६१ | २६१ | ० | ० |
| ६ | रामपुर खडौना स्वास्थ चौकी | २५६ | २५६ | ० | ० |
| ७ | भुजहवा स्वास्थ्य चौकी | ५१० | ५१० | ० | १ |
| | | **२५७३** | **२५७३** | ० | २ |

## ४.४. बालबालिकामा पोषणको स्थिति

बालबालिकाको पोषणको अवस्था सुधारको लागि सरावल गाउँपालिकाको स्वास्थ्य संस्थाहरुद्धारा २ वर्ष मुनिका बालबालिकाको नियमित मासिक रुपमा तौल अनुगमन तथा पोषण परामर्श हुने गरेको छ । महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई MUAC screening गराउने तालिम प्रदान गरी सोहि अनुसार पोषणको अवस्था जाँच गर्ने काम गरिएको छ । बालबालिकाको पोषण अवस्था सुधारको लागि विशेष परियोजना मार्फत काम भइरहेको छ । कुपोषित बालबालिकालाई लक्षित गरी बालभिटा, सुपरसियल प्लस, RUTF आवश्यकता अनुसार वितरण गरी खाना र पोषणको विषयमा परामर्श गर्ने गरिएको छ । सामान्य बालबालिकाहरुलाई समेत नियमित रुपमा बालभिटा वितरण हुनुको साथै पोषणको लागि स्वास्थ्य शिक्षा कार्यक्रम गर्ने गरिएको छ । सुत्केरी आमाहरुको लागि पोषण भत्ता उपलब्ध गराउनुका साथै अति कडा कुपोषण भएका बालबालिकाको अवस्था सुधारको लागि उपचारसहित तयारी खाना उपलब्ध गराइएको छ ।

### (क) पूर्ण स्तनपानको अवस्था

| वडा नं | ७ महिनादेखि १ वर्ष सम्मका बालबालिका संख्या | | | ६ महिनासम्म पूर्ण स्तनपान गरेका बालबालिका संख्या | ६ महिनासम्म पूर्ण स्तनपान नगराएको (आमाको दुध सहित थप खाना खाएको) |
|---|---|---|---|---|---|
| | **बालक** | **बालिका** | **जम्मा** | | |
| १ | २७ | २५ | ५२ | ४९ | ३ |
| २ | २० | १६ | ३६ | ३३ | ३ |
| ३ | २८ | २२ | ५० | ४८ | २ |
| ४ | २० | १५ | ३५ | ३४ | १ |
| ५ | ३८ | ३८ | ७६ | ७५ | १ |
| ६ | २४ | २४ | ४८ | ४५ | ३ |
| ७ | १९ | २७ | ४६ | ४३ | ३ |
| **जम्मा** | **१७६** | **१६७** | **३४३** | **३२७** | **१६** |

*स्रोत : घरधुरी सर्वेक्षण २०८१*

### (ख) कुपोषणबाट प्रभावित बालबालिका

सरावल गाउँपालिकामा मातहतमा रहेका स्वास्थ्य संस्थाहरुमार्फत गरिएको सर्वेक्षण र स्क्रिनिङको क्रममा गाउँपालिकामा रहेका ५ वर्ष मुनिका २७०० बालबाकिलाहरुमध्ये मध्यम खालको कुपोषण भएका (कम तौल, पुड्को र ख्याउटेपन भएका) १०३ जना र अति कडा कुपोषण भएका ९ जना बालबालिकाहरु भेटिएका छन् । जसमध्ये ८३ जनाको पोषण अवस्था सुधारको लागि उपचार र

परामर्श भइरहेकोमा ३२ जना सामान्य भइसकेको अवस्था छ । हाल सम्म पनि कुपोषित भएका बालबालिकाहरु खोज्ने र उपचारमा ल्याउने कार्यको निरन्तरता छ ।

| वडा नं. | स्वास्थ संस्था | ५ वर्ष मुनिका जम्मा बालबालिकाका संख्या | कम तौल, पुड्को र ख्याउटेपन हुने पाँच वर्ष मुनिका बालबालिकाको संख्या | अति कडा कुपोषण भएको बालबालिकाका संख्या | पोषण सुधारका लागि आवश्यक उपचार गराइरहेका बालबालिका संख्या |
|---|---|---|---|---|---|
| १ | तिलकपुर स्वास्थय चौकी | ३५५ | ० | १ | १ |
| २ | मनरी स्वास्थ्य चौकी | ४९८ | २३ | २ | २३ |
| ३ | सरावल स्वास्थ्य चौकी | ४३८ | २८ | ४ | ३२ जना निको भएको |
| ४ | मंगलापुर सामुदायिक स्वास्थ्य इकाई | ३४० | ७ | १ | १ |
| ५ | बडहरा दुबौलिया स्वास्थय चौकी | ३०३ | १९ | १ | १९ |
| ६ | रामपुर खडौना स्वास्थ चौकी | ३८१ | ७ | ० | ७ |
| ७ | भुजहवा स्वास्थ्य चौकी | ३८५ | १९ | ० | ० |
| | | **२७००** | **१०३** | **९** | **८३** |

***स्रोत : घरधुरी सर्वेक्षण र सरावल गा.पा. का सबै स्वास्थ्य संस्था, २०८१***

## (ग) ५ वर्षमुनिका बालबालिकाले दिनमा कम्तिमा ३ पटक पोषिलो खाना (दुध, लिटो, भात, फलफुल, सागसब्जी) खान पाउने नपाउने सम्बन्धी विवरण

| वडा नं. | ५ वर्ष मुनिका जम्मा बालबालिकाका संख्या | पोषिलो खाना खान पाउने बालालिका | पोषिलो खाना खान नपाउने बालबालिका | कैफियत |
|---|---|---|---|---|
| १ | ३५५ | ३४९ | ६ | अन्य बालबालिका ६ महिना पुरा नभएको |
| २ | ४९८ | ४७६ | २२ | |
| ३ | ४३८ | ४२५ | १३ | |
| ४ | ३४० | ३३७ | ३ | |
| ५ | ३०३ | २५४ | ४९ | |
| ६ | ३८१ | ३५८ | ० | |
| ७ | ३८५ | ३७० | १५ | |
| | **२७००** | **२५६९** | **१०८** | |

*स्रोत : घरधुरी सर्वेक्षण, २०८१*

## ४.५. बालबालिकामा देखा परेका मुख्य रोगहरु र तीनको उपचार व्यवस्था

सरावल गाउँपालिकामा रहेका बालबालिकामा देखा परेका मुख्य रोगहरु र तीनको उपचारको व्यवस्था यसप्रकार रहेको छ :

| क.स. | मुख्य रोगहरु | उपचार व्यवस्था |
|---|---|---|
| १ | रुघाखोकी | सामान्य- घरेलु उपचारको लागी परामर्श र<br>न्यूमोनिया - एन्टिवायोटिक र Salbutamol वाट उपचार |
| २ | झाडापखाला | ORS तथा जिङ्क चक्की बाट उपचार, परामर्श |
| ३ | कुपोषण | मध्यम कुपोषण- खानाबारे परामर्श तथा Supercerealplus वाट<br>कडा कुपोषण- RUFT वाट उपचार |
| ४ | कानको समस्या | Asom Csom - एन्टिवायोटिक Amoxilium + Eardrop |

## ४.६ प्रसुती पूर्व स्वास्थ्य परीक्षण , आइरन चक्की, टिडि खोप लगाउने गर्भवती महिलाहरुको विवरण

(क) सरावल गाउँपालिकामा ० देखि १ वर्षसम्मको बच्चा भएको आमाहरुले गर्भावस्थाको समयमा गर्भ जाँच गराएको, आइरन चक्कि खाएको तथा टिडी खोप लगाएको विवरण यस प्रकार रहेको छ:

| वडा न | ० देखि १ वर्षको बच्चा भएको आमा संख्या | ४ पटक गर्भ परीक्षण गरेको | ५ पटक गर्भ परीक्षण गरेको | ६ पटक गर्भ परीक्षण गरेको | ७ पटक गर्भ परीक्षण गरेको | ८ पटक गर्भ परीक्षण गरेको | ४ पटक भन्दा कम गर्भ परीक्षण गरेको | २२५ आइरन चक्की खाएका गर्भवती आमाहरुको संख्या | टीडी खोप लगाउने आमाहरुको संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५९ | २ | | ३ | ३ | ४९ | २ | ५८ | ५८ |
| २ | ९४ | ० | २७ | ५ | ८ | २९ | ० | ९४ | ९४ |
| ३ | ९० | ४ | १५ | ९ | ९ | ४८ | ४ | ८८ | ८८ |
| ४ | ६६ | २ | ८ | १५ | ७ | २९ | २ | ६५ | ६५ |
| ५ | ७६ | १ | | | | ७५ | १ | ७३ | ७३ |
| ६ | ८७ | १ | २ | २ | | ८१ | १ | ८५ | ८५ |
| ७ | ९८ | ७ | ११ | १७ | १३ | २५ | ७ | ९८ | ९८ |
| जम्मा | **५७०** | **१७** | **६३** | **५१** | **४०** | **३३६** | **१७** | **५६१** | **५६१** |

*स्रोत : घरधुरी सर्वेक्षण २०८१*

## ४.७ दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरुको विवरण :

| वडा नं | ० देखि १ वर्ष सम्मको बच्चा भएको आमा संख्या | स्वास्थ्य संस्थामा सुत्केरी भएका आमा संख्या | घरमै सुत्केरी भएका आमा संख्या (परिवारका सदस्य / छिमेकी) | अन्य |
|---|---|---|---|---|
| १ | ५९ | ५९ | ० | |
| २ | ९४ | ९४ | ० | |
| ३ | ९० | ९० | ० | |
| ४ | ६६ | ६३ | ३ | |
| ५ | ७६ | ७६ | ० | |
| ६ | ८७ | ८६ | १ | |
| ७ | ९८ | ९६ | २ | |
| **जम्मा** | **५७०** | **५६४** | **६** | |

*स्रोत : घरधुरी सर्वेक्षण २०८१*

## ४.८. सुत्केरी पश्चात आमा र नवशिशु जाँचको अवस्था

स्वास्थ्य संस्थामा शिशुलाई जन्मदिने सबै आमा र नवशिशुको पहिलो २४ घण्टाभित्र सम्बन्धित प्रसुती गृहमा नै स्वास्थ्य जाँच हुने गरेको छ । गाउँपालिकाको ७ वडामा अवस्थित स्वास्थ्य संस्थाद्वारा दोश्रो, तेश्रो र चौथो पटकको जाँच समेत घरमै गई गर्ने अभ्यास छ । तर शल्यक्रिया गरी सन्तान जन्माउने आमा र शिशु तथा नवजात शिशुलाई स्वास्थ्य समस्याका कारण केही दिन अस्पतालमै बस्नुपरेको अवस्थामा भने सम्बन्धित अस्पतालमै शिशुको जाँच हुने गरेको छ । स्वास्थ्य संस्थाद्धारा उपलब्ध जानकारी अनुसार गाउँपालिकाको स्थानीयबासी नभएता पनि भारत तथा अन्य क्षेत्रबाट यस स्थानमा आएर प्रसुती भएकाहरुको पनि आमा र नवजात शिशुको जाँच गर्ने गरिएको छ । गत १ वर्षमा सुत्केरी पश्चातको जाँच र नवशिशु जाँच तथा वडास्थित स्वास्थ्य संस्थाहरुद्वारा गरिएको सुत्केरी पश्चातको आमा र नवशिशु जाँचको विवरण यस प्रकार रहेको छ :

| वडा नं. | ० देखि १ वर्ष सम्मको बच्चा भएको आमा संख्या | आमा र नवशिशुको पहिलो पटक जाँच( २४ घण्टा भित्र) | दोश्रो पटकको जाँच (३ दिन भित्र) | तेश्रो पटकको जाँच (७ दिन भित्र) |
|---|---|---|---|---|
| १ | ५९ | ५९ | ५४ | ५६ |
| २ | ९४ | ९४ | ८३ | ८५ |
| ३ | ९० | ९० | ५४ | ८७ |
| ४ | ६६ | ६३ | ६३ | ६६ |
| ५ | ७६ | ७६ | ४९ | ७१ |
| ६ | ८७ | ८६ | ४१ | ५९ |
| ७ | ९८ | ९६ | ९१ | ९५ |
| **जम्मा** | **५७०** | **५६४** | **४३५** | **५१९** |

*स्रोत : घरधुरी सर्वेक्षण २०८१*

## ४.९. नियमित रुपमा तौल लिइएका बालबालिका सम्बन्धी विवरण :

सरावल गाउँपालिकाको सबै वडामा खोप कार्यक्रम संचालनको क्रममा १५ महिना सम्मका बालबालिकाको मासिक रुपमा नियमित तौल लिने र वृद्धि अनुगमन गर्ने गरिएको छ भने १६ महिनादेखि ५ वर्ष सम्मका बालबालिकाको त्रैमासिक रुपमा तौल लिने गरिएको छ । यस गाउँपालिका क्षेत्रभित्रका स्थानीयबासीले वडामा रहेका स्वास्थ्य संस्थाहरुमा मात्रै नभई गा.पा. क्षेत्र भित्र र छिमेकी नगरपालिमाहरुमा संचालित निजि अस्पताल तथा औषधिपसलहरुमा गएर पनि बालबालिकाको तौल अनुगमन गर्ने गरेको पाइएको छ । नियमित रुपमा तौल लिएका र नलिएका बालबालिका सम्बन्धी विवरण यस प्रकार रहेको छ :

| वडा नं. | **२ वर्ष मुनिका बालबालिकाको नियमित मासिक रुपमा तौल लिने गरेको** | | | **२ देखि ५ वर्ष सम्मका बालबालिकाको नियमित तौल लिने गरेको** | | |
|---|---|---|---|---|---|---|
| | छ | छैन | जम्मा | छ | छैन | जम्मा |
| १ | १६८ | ३ | १७१ | २४० | ७ | २४७ |
| २ | १९६ | | १९६ | ८६ | | ८६ |
| ३ | २२९ | १ | २३० | २७४ | ५ | २७९ |
| ४ | १४५ | ८ | १५३ | १७९ | १० | १८९ |
| ५ | १४५ | १ | १४६ | १८४ | १ | १८५ |
| ६ | १६७ | ५ | १७२ | २१२ | २७ | २३९ |
| ७ | १४८ | २६ | १७४ | १८२ | १२ | १९४ |
| जम्मा | **११९८** | ४४ | **१२४२** | **१३५७** | ६२ | **१४१९** |

## ४.१०. भिटामिन ए तथा जुकाको औषधी खाएका बालबालिका सम्बन्धी विवरण

### (क) भिटामिन ए र जुकाको औषधी खुवाइएका बालबालिका संख्या :

| वडा | स्वास्थ्य संस्था | भिटामिन ए क्यापसूल खाएका बालबालिका | | | जुकाको औषधि खाएका बालबालिका | | |
|---|---|---|---|---|---|---|---|
| | | ६ महिना-१ वर्ष | १-५ वर्ष | जम्मा | १ देखि २ वर्ष | २ देखि ५ वर्ष | जम्मा |
| १ | तिलकपुर स्वास्थय चौकी | ३९ | ४३० | ४३९ | ० | ० | ४३० |
| २ | मनरी स्वास्थ्य चौकी | ३६ | ४४१ | ४७७ | ११२ | ३२९ | ४४१ |
| ३ | सरावल स्वास्थ्य चौकी | ४७ | ४३२ | ४७९ | ० | ० | ४३२ |
| ४ | मंगलापुर सामुदायिक स्वास्थ्य इकाई | ३३ | ३८१ | ४१४ | ९२ | २८९ | ३८१ |
| ५ | बडहरा दुबौलिया स्वास्थय चौकी | ४२ | २८४ | ३२६ | ५७ | २२७ | २८४ |
| ६ | रामपुर खडौना स्वास्थ चौकी | २७ | ३६० | ३८७ | ७० | २९० | ३६० |
| ७ | भुजहवा स्वास्थ्य चौकी | ८३ | ५१८ | ५७१ | १५२ | ३६६ | ५१८ |
| | **जम्मा** | २६८ | २८४६ | ३०९३ | ४८३ | १५०१ | २८४६ |

*स्रोत : सबै स्वास्थ्य संस्था, सरावल गा.पा., २०८१ कार्तिक २ र ३*

## ४.११.आयोडिन नुनको प्रयोग

सरावल गाउँपालिकामा आयोडिनयुक्त नुन प्रयोग गर्ने घरधुरी विवरण यस प्रकार रहेको छ :

| वडा नं | जम्मा घरधुरी संख्या | आयोडिन युक्त नुन प्रयोग गर्ने घरपरिवार | आयोडिन नुनको प्रयोग नगर्ने घरपरिवार |
|---|---|---|---|
| १ | ११०३ | १०९२ | ११ |
| २ | १२०२ | १२०२ | ० |
| ३ | १३०० | १२८७ | १३ |
| ४ | १११७ | १०८१ | ३६ |
| ५ | ८३० | ८२४ | ६ |
| ६ | १२१३ | १२०८ | ५ |
| ७ | १०१२ | ९१३ | ९९ |
| **जम्मा** | **७७७७** | **७६०७** | **१७०** |

*श्रोत : घरधुरी सर्वेक्षण २०८१*

## ४.१२. सार्वजनिक तथा निजी चर्पी र सरसफाई सम्बन्धी विवरण

सरावल गाउँपालिकाको वडा नं. वडा नं. ४, ६ र ७ मा १/१ वटा गरी जम्मा ३ वटा सार्वजनिक शौचालयहरु रहेको छ । गाउँपालिकामा फोहरमैला ब्यवस्थापनको लागि केही वडाहरुमा ट्र्याक्टरमार्फत फोहोर संकलन गर्ने गरिएको छ। समय समयमा बृहत सरसफाई कार्यक्रम हुने गरेको छ। ग्रामीण क्षेत्र भएको हुनाले अधिकांश घरपरिवारले कुहिने फोहोरलाई कम्पोष्ट मल बनाई प्रयोग गर्ने गरिएको छ भने नकुहिने फोहारलाई जलाउने, खाडलमा पुर्ने गरिएको छ। वडाहरुमा शौचालयको प्रयोग र शौचालय प्रयोग पछि, फोहोर छोएपछि र खाना खानु अघि हात धुने बानीव्यहोरा सम्बन्धी विवरण यस प्रकार रहेको छ :

### (क) शौचालय प्रयोग र साबुन पानीले हात धुने सम्बन्धी विवरण :

| वडा नं. | जम्मा घरधुरी | शौचालय प्रयोग गर्ने घरपरिवार | शौचालय प्रयोग नगर्ने घरपरिवार | साबुन पानीले हात धुने घरपरिवार | पानीले मात्र हात धुने घरधुरी |
|---|---|---|---|---|---|
| १ | ११०३ | १०९४ | ९ | १०९८ | ५ |
| २ | १२०२ | ११९८ | ४ | १०५२ | १५० |
| ३ | १३०० | १२७६ | २४ | १२५२ | ४८ |
| ४ | १११७ | १०६२ | ५५ | १०१८ | ९९ |
| ५ | ८३० | ७७९ | ५१ | ७८६ | ४४ |
| ६ | १२१३ | ११७८ | ३५ | ११८८ | २५ |
| ७ | १०१२ | ९५९ | ५३ | ५९९ | ४१३ |
| **जम्मा** | **७७७७** | **७५४६** | **२३१** | **६९९३** | **७८४** |

*स्रोत : घरधुरी सर्वेक्षण २०८१*

## ४.१३. खानेपानीको श्रोत तथा उपलब्धता सम्बन्धी विवरण :

सरावल गाउँपालिकामा २ वटा खानेपानी तथा सरसफाई उपभोक्ता संस्थाद्धारा पानी वितरण हुने गरेको छ। खानेपानीको श्रोत र उपलब्धता सम्बन्धी विस्तृत विवरण यस प्रकार रहेको छ

### (क) वडाअनुसार खानेपानी स्रोतको विवरण यस प्रकार रहेको छ :

| वडा नं. | जम्मा घरधुरी | खानेपानीको स्रोत | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | निजि खानेपानी धारा (खानेपानी प्रणलीबाट वितरण भएको) | सामुदायिक धारा | इनार | ह्याण्डपाइप/ बोरिङ्ग गरेको पानी | मुल/मुहान | अन्य |
| १ | ११०३ | ५८८ | २० | ० | ४९३ | ० | २ |
| २ | १२०२ | ६८७ | | ० | ५१५ | ० | ० |
| ३ | १३०० | १४९ | ६ | ० | ११३६ | ० | ९ |
| ४ | १११७ | ० | २९ | ० | १०८६ | ० | २ |
| ५ | ८३० | ० | १५ | ० | ८११ | ० | ४ |
| ६ | १२१३ | ० | २० | ० | ११८६ | ० | ७ |
| ७ | १०१२ | ० | ३ | ० | १००४ | ० | ५ |
| **जम्मा** | **७७७७** | **१४२४** | **९३** | **०** | **६२३१** | **०** | **२९** |

***श्रोत : घरधुरी सर्वेक्षण २०८१***

### (ख)घरायसी रुपमा खानेपानीको शुद्धिकरण तथा प्रसोधन गर्ने तरिका

| वडा नं | उमालेर प्रयोग गर्ने | केहि नगरेको | प्रणालीबाट नै सुरक्षित खानेपानी आउने गरेको | फिल्टर जडान गरिएको | जम्मा |
|---|---|---|---|---|---|
| १ | २९८ | ३११ | १४६ | ३४८ | ११०३ |
| २ | १५ | ३९७ | ६८७ | १०३ | १२०२ |
| ३ | ६१५ | ३७४ | १३५ | १७६ | १३०० |
| ४ | ५९६ | १५३ | ३२३ | ४५ | १११७ |
| ५ | ७६६ | ४० | ४ | २० | ८३० |
| ६ | ६१८ | ७७ | ४३० | ८८ | १२१३ |
| ७ | | ८८६ | ३ | १२३ | १०१२ |
| **जम्मा** | **२९०८** | **२२३८** | **१७२८** | **९०३** | **७७७७** |

### ४.१४. एआरभी प्रोफिल्याक्सिस सम्बन्धित विवरण

सरावल गाउँपालिकाको स्वास्थ्य शाखा र वडास्थित स्वास्थ्य संस्थाहरुका अनुसार यस गाउँपालिकामा एच.आइ.भी. संक्रमित आमाबाट जन्मिएका कुनै पनि बालबालिका नरहेको अवस्था छ । प्रत्येक वर्ष स्वास्थ्य चौकी र अन्य संघसंस्था मार्फत एच.आइ.भी. न्यूनीकरण र एआरभी प्रोफिल्यासिस सम्बन्धी सचेतनामूलक कार्यक्रम हुने गरेको छ । गर्भवती जाँचको समयमा पनि एच.आइ.भी. जाँच गर्ने गरिएको छ ।

# परिच्छेद ५

# शैक्षिक अवस्था

### ५.१ . महिला तथा बालबालिकाको साक्षरता विवरण

सरावल गाउँपालिका सहित समग्र साविक नवलपरासी जिल्ला नै पूर्ण साक्षर घोषणा भएको जिल्ला हो । तर पनि राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको साक्षरता दर ७४.५ प्रतिशत रहेको छ । जसमध्ये ८३.३ प्रतिशत पुरुष र ६६.१ प्रतिशत महिला सक्षर छन् । गाउँपालिकामा ३ देखि ४ वर्ष उमेरका ९३.५० प्रतिशत बालबालिका बालविकास, पूर्व प्रा.वि. कक्षामा विद्यालय भर्ना भएका छन् भने ५ देखि १४ वर्ष सम्मका ९७.६६ प्रतिशत बालबालिकाले आधारभुत शिक्षा प्राप्त गरिरहेका छन् ।

### ५.२. शैक्षिक योग्यता सम्बन्धी विवरण

सरावल गाउँपालिकामा रहेका स्थानीयबासीहरुको शैक्षिक योग्यता सम्बन्धी विवरण यस प्रकार रहेको छ :

| वडा | लेखपढ गर्न नसक्ने वा निरक्षर | | | लेखपढ मात्र गर्न सक्ने वा साक्षर | | | SEE वा सो सराह उत्तीर्ण गरेको | | | माध्यमिक वा 10+2 वा सो सराह उत्तीर्ण | | | स्नातक (B.A) वा सो सराह उत्तीर्ण | | | स्नाकोत्तर (M.A) वा सो सराह उत्तीर्ण | | | बिद्याबारीधी (PHD) हासिल गरेको | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | १२७ | २७९ | ४०६ | १७६० | १६७० | ३४३० | ९२९ | ७७९ | १७०८ | ५४५ | ४८४ | १०२९ | ११३ | ११४ | २२७ | ३१ | १८ | ४९ | ४ | २ | ६ |

| | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | २३७ | १०३ | ३४० | ८४७ | ८५५ | १७०२ | २९२ | ४०३ | ६९५ | ३४० | ३७८ | ७१८ | ८३ | ७८ | १६१ | ४६ | ६१ | १०७ | ३ | २ | ५ |
| ३ | २८४ | ५६४ | ८४८ | १८८९ | १५९९ | ३४८८ | ७४६ | ५५७ | १३०३ | ३८२ | ३३१ | ७१३ | ७५ | ४४ | ११९ | ८ | १ | ९ | ० | ० | ० |
| ४ | ४४१ | ६९२ | ११३३ | २०५९ | १५९३ | ३६५२ | ३९२ | २४७ | ६३९ | २१८ | १३७ | ३५५ | ४८ | २९ | ७७ | १६ | ५ | २१ | १ | १ | २ |
| ५ | ३२७ | ४७९ | ८०६ | १२०९ | ९७५ | २१८४ | २९७ | १९२ | ४८९ | १७५ | १२० | २९५ | ३१ | २१ | ५२ | ३ | १ | ४ | ० | ० | ० |
| ६ | ३२० | ४८५ | ८०५ | १३६१ | ११६८ | २५२९ | ६११ | ३८६ | ९९७ | ३५९ | २२३ | ५८२ | ६६ | ३७ | १०३ | ९ | ० | ९ | ० | ० | ० |
| ७ | ११२ | १२६ | २३८ | ४९ | ४२ | ९१ | २९८ | २०८ | ५०६ | १७४ | ११९ | २९३ | २७ | ७ | ३४ | २ | १ | ३ | ० | ० | ० |
| | **१८४८** | **२७२८** | **४५७६** | **९१७४** | **७९०२** | **१७०७६** | **३५६५** | **२७७२** | **६३३७** | **२१९३** | **१७९२** | **३९८५** | **४४३** | **३३०** | **७७३** | **११५** | **८७** | **२०२** | **८** | **५** | **१३** |

## ५.२ शैक्षिक संस्था र छात्र छात्राहरुको विवरण

सरावल गाउँपालिकाभित्र १६ सामुदायिक, १३ संस्थागत विद्यालय र ८ वटा धार्मिक बिद्यालयहरू रहेका छन् ।

### क) शैक्षिक संस्था विवरण ,विद्यालयमा अध्ययरत बालबालिको संख्या

| क्र.स. | वडा नं | विद्यालय भएको टोल | विद्यालयको नाम | विद्यालयको प्रकार | अध्यापन हुने कक्षा ( सम्म) | विद्यार्थी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | छात्र | छात्रा | जम्मा |
| १ | १ | खोखरपुरा | आदर्श मावि खोखरपुरा | सामुदायिक | १२ | ३९२ | ३१८ | ७१० |
| २ | १ | बसही | बसन्त मावि | सामुदायिक | १२ | २०३ | २२६ | ४२९ |
| ३ | १ | बासा | बसन्तपुर जेनिथ इङ्गलिस बोर्डिङ्ग स्कुल | संस्थागत | १० | ३८७ | ३३० | ७१७ |
| ४ | १ | सालबास | सालबास सनराइन इङ्गलिस स्कुल | संस्थागत | १० | ३७१ | ३३९ | ७१० |
| ५ | १ | पथरहिया | सरस्वति प्राथमिक बिद्यालय | सामुदायिक | ५ | २९ | २८ | ५७ |
| ६ | २ | मनरी | जनता माव मनरी | सामुदायिक | १२ | २२४ | ३३५ | ५५९ |
| ७ | २ | अत्रहटी | सुवंशीकन्या आधारभुत बिद्यालय | सामुदायिक | ८ | ९५ | ७७ | १७२ |

| क्र.स. | वडा नं | विद्यालय भएको टोल | विद्यालयको नाम | विद्यालयको प्रकार | अध्यापन हुने कक्षा ( सम्म) | विद्यार्थी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | छात्र | छात्रा | जम्मा |
| ८ | २ | तिलौली | त्रिमुर्ति प्रावि तिलौली | सामुदायिक | ५ | ३२ | ३३ | ६५ |
| ९ | २ | दङ्गिया | जनशक्ति प्राथमिक बिद्यालय | सामुदायिक | ५ | १७ | २५ | ४२ |
| १० | २ | पटखौली | मुनलाइट एकेडेमी | संस्थागत | १० | १७२ | १२० | २९२ |
| ११ | २ | जावा | शिवशक्ति इङ्गलिस स्कुल | संस्थागत | १ | ७२ | ६५ | १३७ |
| १२ | ३ | पिपरा | बालपुरी आधारभुत बिद्यालय | सामुदायिक | ५ | ६५ | ६७ | १३२ |
| १३ | ३ | सरावल | श्री महेन्द्र मा वि | सामुदायिक | १० | १४७ | १७३ | ३२० |
| १४ | ३ | भिमटाँडी | स्टार लाइट इङ्गलिस स्कुल | संस्थागत | ६ | १८६ | १३५ | ३२१ |
| १५ | ४ | हात्तिवन | बुद्धज्योति प्रावि | सामुदायिक | ३ | ३९ | ४७ | ८६ |
| १६ | ४ | ललितपुर | ललितपुर लिटल फ्लावर इङ्गलिस स्कुल | संस्थागत | ५ | ११३ | ७५ | १८८ |
| १७ | ४ | ललितपुर | मदरसा गौसिया मिसबाहुल ओलुम | मदर्शा / गुंबा / आश्रम | ४ | ४२ | ६६ | १०८ |
| १८ | ४ | बटसार | मदरसा इसलामिया अहले सुन्नत बटसार | मदर्शा / गुंबा / आश्रम | ४ | ३६ | ४५ | ८१ |
| १९ | ४ | गोबरहिया | रोशन ज्योति इङ्गलिस बोर्डिङ्ग स्कुल | संस्थागत | ८ | २०९ | १५८ | ३६७ |
| २० | ४ | ललितपुर | अम्बिका इङ्गलिस स्कुल ललितपुर | संस्थागत | ५ | १६० | ९७ | २५७ |
| २१ | ४ | गोबरहिया | सिद्धार्थ सेकेन्डरी स्कुल गोबरहिया | संस्थागत | १० | ३५४ | २२४ | ५७८ |
| २२ | ५ | दुबौलिया | बिनोद निता कण्डेल आवि | सामुदायिक | ८ | १५३ | १९० | ३४३ |
